# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**
२०७६/०२/२३
चौथो अधिवेसन
(१२औं बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेसनको १२औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

प्रदेश सरकारको आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम माथि प्रस्तावक माननीय गोविन्दराज बोहरा र समर्थक माननीय नन्दा कुमारी बम भएको संशोधनको प्रस्ताव सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

३. **माननीय सदस्यहरु,**

अब प्रदेश सरकारको आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय अक्कल बहादुर रावल लाई समय दिन्छु (समय ७ मिनेट)

**माननीय अक्कल बहादुर रावल :-** सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को प्रदेश सरकारको नीति तथा कार्यक्रममा हामी छलफल गरि राखेका छौ । यस नीति तथा कार्यक्रममा धेरै कुराहरु अत्यन्तै परिस्कृत भएर आएको र विशेषगरिकन विगतका बर्षमा आएका नीति तथा कार्यक्रमहरुलाई पनि समिक्षा गर्दै यो बर्ष र आगामी बर्षका भावि कार्ययोजना सहित यो नीति तथा कार्यक्रम आएको यहा यो नीति तथा कार्यक्रम अध्ययन गर्दा देखिन्छ । साथ साथै म सर्वप्रथम यि कुराहरु राख्न भन्दा पहिले नीति तथा कार्यक्रमलाई पूर्ण समर्थन गर्दै प्रदेश सरकार अझै हामी प्रदेश सरकारले अझै धेरै कामहरु गर्न सकेन प्रदेश सरकार गतिमा अघि बढ्न सकेन भन्ने आलोचनाका बीच सुदूरपश्चिम प्रदेश सरकारले जुन नीति तथा कार्यक्रम ल्याएको छ । यसले केहि आशाको संचार पनि गराएको छ । यसका निम्ती म सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । सभामुख महोदय, साथ साथै अर्को हाम्रो प्रदेश मैले अस्थि विहान मात्रै रेडियो सुने र प्रदेश सरकारहरुमा पनि सुदूरपश्चिम प्रदेश सरकार मात्रै यस्तो सरकार हो जसले चालु बर्षमा सबै भन्दा बढी बजेट खर्च गर्न सक्ने प्रदेशको रुपमा आएको छ यसले अरु प्रदेशहरु भन्दा द्रुत गतिमा आफ्ना कामहरु अगाडि बढाई राखेको छ । अत्यन्तै चुनौतिका बावजुत हामीले यो नीति तथा कार्यक्रममा पनि हेरेका छौ । हामी सँग कति चुनौति छन् भन्ने कुरा प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा प्रष्ट रुपमा पारेको छ । विगतमा हामीसँग यस्ता चुनौतिका बीचमा पनि हामी प्रदेश सरकार यसरी अगाडि बढ्यो भन्ने सन्दर्भमा हामी सँग कर्मचारीको समायोजनको अभाव र प्रदेशका आवश्यक संरचनाहरुको परिपूर्ति नहुदाखेरिका बीचबाट पनि प्रदेश सरकारले जुन कार्यक्रम अगाडि बढाएको छ । यो सबै प्रदेशहरु भन्दा पहिलो नम्बर वान १ नं.मा जुन परेको छ यसका निम्ती पनि म हार्दिक धन्यवाद दिन चाहान्छु र प्रदेश सरकारले कस्तो नीति तथा कार्यक्रम ल्यायो यसले अझै यहा भन्दा राम्रो पनि ल्याउँनु पर्थ्यो यो हाम्रा अपेक्षाका कुरा हुन । किन की हामी सँग छिटो भन्दा छिटो विकास होस भन्ने चाहाना हामी सँग छ । हामी अत्यन्तै विकट क्षेत्र विगतमा राज्यबाट पछाडि पारिएको क्षेत्र भनेर हामी सुदूरपश्चिम प्रदेशलाई हेर्छौ त्यस्तै कर्णाली प्रदेशका पनि आफ्ना आकांक्षाहरु होलान त्यसैले गर्दा

पिछडिएको क्षेत्रमा छिटो भन्दा छिटो विकास भएर समृद्धि छिटो हासिल गरेको भए धेरै मान्छेका आकांक्षाहरु छिटो पूर्ति गर्न पाएको भए भन्ने कुराहरु आउनु अस्वभाविक होईन यद्यपी ती आकांक्षाहरुलाई पुरा गर्नको निम्ती बजेट पनि त्यहि अनुसार हुनुपर्ने आवश्यकता हुन्छ । अहिले हामीले देख्यौ राज्य अझै बढी अलि केन्द्रकरणतिर गैराखेको अवस्थामा हामीले प्रदेशले जुन खालको नीति तथा कार्यक्रम ल्याएको छ र त्यहि अनुसार बजेटको कार्यक्रम पनि तय गर्ला त्यसैले त्यहि अनुसार धेरै आकांक्षाका बीचबाट पनि हाम्रा सम्पूर्ण चाहानाहरु पुरा हुन नसक्ने अवस्था छ । त्यसैले गर्दा विशेष गरिकन प्रदेश भनेको विशेष गरि अहिले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह तीनवटा तहहरुको एउटा खालको समन्वयको जुन भूमिका एक अर्काको सहअस्थित्वको भूमिका र अझै संघीय सरकारको अलिकति बढी केन्द्रीकरण जो भैराख्या छ यसले पनि हामीलाई के महसुस हुन खोज्दैछ भने हाम्रा विकास निर्माणका कुराहरु देखि लिएर हरेक कुराहरुमा यदि भोली यहि ढंगले अगाडि बढ्ने हो भने जुन केन्द्रले प्रदेशलाई स्थानीय तहहरुलाई बलियो बनाएर लैजानुपर्ने जुन कुरा हो त्यसमा अभाव जो खड्कीदै गैराखेको छ यसले सन्तान सन्तान कसो बनाउने भन्ने कुरा आमा बुवाहरुले समयमै ध्यान नपुर्याउदाखेरि कहिले काही कुपोषणको समस्या आउँने, कहिले काही लुलोलगडो हुने खतरा हुने र त्यसको जस पनि भोली त्यो सन्तानलाई नै कस्तो नराम्रो जन्मिएछ भनेर आरोप लगाउने हाम्रो विगतको एउटा सस्कार छ । गर्ने बेला त्यसलाई उचित हेरचाहा पनि नगर्ने आवश्यक पालनपोषण पनि नगर्ने, आवश्यक शिक्षा दिक्षा पनि नदिने लास्टमा राम्रो भएन भनेर उसै माथि दोष थपर्ने खालको संस्कार पनि देखिन्छ । हामीले सुनेका छौ प्रदेश सरकारले विकास मैले कहा जोड्न खोजेको हो भने प्रदेश सरकारहरुले काम गर्न सकेनन उनिहरुलाई अधिकार नदिएपछि, उनिहरुलाई बजेट नदिएपछि, आवश्यक कर्मचारी नदिएपछि र त्यो अधिकार नदिएपछि कसरी कामहरु अगाडि बढ्न सक्छन यो एउटा खालको प्रश्न छ त्यसैले गर्दा आमा बुवाले पनि सन्तान प्रतिको माया सन्तानलाई बलियो बनाउने कुरामा भूमिका निभाउनु पर्दछ त्यसका निम्ती म संघीय सरकारलाई अनुरोध गर्न चाहान्छु यो हाउस मार्फत साथ साथै बजेटमा धेरै कुराहरु सम्बोधन भएका छन् । विशेष गरि विगतको समिक्षाको पाटो र बर्तमानमा हामीले के के काम गरिराखेका छौ त्यो कुराको विस्तृत रुपमा यहा बुदागत रुपमा यहा उल्लेख भएको छ र साथ साथै आगामी कार्यक्रमहरुमा हामी के के कुराहरुलाई हाम्रो भावी कार्यक्रमको रुपमा लैजान सक्दछौ भन्ने विषयमा पनि बजेटले एउटा दिशा निर्देश गर्ने कामहरु गरेको छ । त्यसैले गर्दा विशेष गरिकन आ.व.२०७६।०७७ को कार्यक्रमहरुमा धेरै कुराहरु प्राथमिकतामा परेका छन् । त्यसै गरिकन कृषिमा विशेषगरि कृषि, जलस्रोत, पर्यटन, जडिबुटि र उद्योगका क्षेत्रमा विशेषगरि लगानी गर्ने या मुख्य हाम्रा पराईयोरिटि यि हुन भनेर यो बजेटले उल्लेख गरेको छ । साथ साथै वृत्तिय स्रोतको उपयुक्त परिचालन गर्ने कुरा पनि यसले यो बजेटमा प्रष्ट रुपमा उल्लेख भएको छ साथ साथै हामीसँग अहिले हाम्रो प्रदेशको ६.२५ प्रतिशत प्रतिव्यक्ति आय बाट यसलाई निरन्तर रुपमा अगाडि बढाएर लैजाने भन्ने कुरा छ यसमा हामीले केहि अलिकति दिशा निर्देश भावी हाम्रो लक्ष्य चाहि यहा किटान चाहि हुनुपर्थ्यो यद्यपी निरन्तर रुपमा हाम्रो प्रतिव्यक्ति आयलाई अगाडि बढाउनका निम्ती हाम्रो यो नीति तथा कार्यक्रममा उल्लेख भएको छ । साथ साथै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने कुरा पनि छ र समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने कुरा सँग सँगै अलिकति खुला बजारको कुरा पनि छ यहा अलि केहि कुराहरु अलि तादम्यता नमिल्न खोजेको चाहि देखिन्छ यद्यपी खुला बजार र समाजवादको कुरा यि कुराहरु सँग अलिकति तादम्यता अलि मिलाएर लैजानु पर्ने कुराको खाचो पनि देखिन्छ । एक व्यक्ति एक खाता संचालनका कुरा देखि लिएर धेरै कुराहरु म यहा पढेर धेरै कुराहरु सुनाउन छोटो समयमा सक्ने देखिदैन हाम्रो नीति तथा कार्यक्रममा धेरै कुराहरु उल्लेख छ । त्यसैले गर्दा यो नीति तथा कार्यक्रम परिस्कृत भएको आएको अत्यन्तै अझै राम्रो सिंगारिएर आएको विगतका बर्षहरु भन्दा अझ सिंगारिएर अलिकति अझै परिस्कृत भएर अझै राम्रो परिपक्क भएर आएको र यसले कार्यान्वयनका पक्षहरुमा पनि उत्तीकै जोड दिएको हुनाले योजना छनौटका कुराहरुमा पनि उत्तीकै जोड

दिएको हुनाले त्यसैले गर्दा यो बजेट सफल यो नीति तथा कार्यक्रम सफल हुने कुरा र यो नीति तथा कार्यक्रमको जगमा आउने बजेट सफल हुने कुरामा म विश्वस्त छु यत्ति कुराहरु म राख्दै यो नीति तथा कार्यक्रमको समर्थन गर्दछु धन्यवाद ।

**माननीय भरत बहादुर खड्का :-** सभामुख महोदय, हामी नीति तथा कार्यक्रमको बारेमा टिप्पणी गर्दै छौ । जो नीति तथा कार्यक्रम आएको छ यो पूर्ण सफल रहोस भनेर म सुभेच्छा व्यक्त गर्न चाहान्छु । यसै सन्दर्भमा टिप्पणी गर्दा संघीय सरकारको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन । संघीय सरकारले जुन बार्षिक बजेट प्रस्तुत गरेको छ । सुदूरपश्चिम बासि र प्रदेश सरकारलाई निरुत्साहित तुल्याएको छ । संघीय सरकारले वितरण गर्ने बजेट सुदूरपश्चिम बासिलाई अन्याय गरेको छ । दुईचार वटा योजना संयुक्त रुपमा छुने काम खुटिया पश्चिमसेती जस्ता केहि कुराहरुलाई छुनेकाम मात्र गरेको छ तीनको सम्भावना कम देखेको छ त्यसैले हामीलाई निराश तुल्याएको छ हामी दुखः व्यक्त गर्न चाहान्छौ । र जहा सम्म अब प्रदेश सरकारले नीति तथा कार्यक्रममा जुन ल्याएको छ । म यि बुदातिर जादा समय पनि छैन समष्टिगत रुपमा के भन्न चाहान्छु भन्दा धेरै कुराहरुको उल्लेख गरेको छ । त्यलाई मैले कसरी चित्रण गरेको छु भन्दा खेरि एउटा ठुलो साईजको मिरर ऐनामा उभिदा सिंगो शरीर देखिन्छ अहिले र बजेटको भोलुम हेर्दा खेरि सानो साईजको चाहि ऐनामा यति मात्र आउछ घाटी भन्दा मात्र माथि आउने सम्भावना मैले देखेको छु । त्यसैले हाम्रो बजेटको आधारमा ठोस कुराहरुका योजनाहरु आउनु पर्थ्यो अब अहिले यि शब्द चयन राखेका छन् सम्पूर्ण कुरालाई समेटेको छ र बजेटको भोलुमले गर्दा त्यो सम्भावना मैले देखेको छैन । अब जहा सम्म यहा धेरै कुराहरु छन् । सुशासन, जनगुनासोको सुनुवाईको कुरा छ १३ मा हेलो सरकार साहेद त्यो अहिले हेलो सरकार बन्द भए जस्तो छ साहेद सम्पूर्ण जवाफहरु जनताका सबै कुरा पूर्ण भएको हो कि त्यो त्यति प्रभावकारी हुन सकेन प्रदेशका गौरवका १५ मा प्रदेशका गौरवका योजना छनौट बनेका छन् । म डोटी जिल्लाको निर्वाचित सांसद हु मलाई थाहा छैन कुन मापदण्डमा छनौट भए र कसको आधारमा र प्रक्रियामा छनौट भए त्यो पनि मैले बुझ्या छैन साहेद मैले मलाई थाहा नहुन सक्छ त्यो राम्रो हो कि होइन यो अन्तर प्रदेश मुख्यमन्त्री कपको जो छ । संस्थागत ढंगले यो खेलाडीहरुलाई खेलाउने यो गर्ने ठिक कुरा हो यसको मोडालिटी ठिक भा को छैन । जिल्लास्तरिय प्रतियोगिताहरु खेलाएर त्यहाबाट छनौट गरेर मात्र यो गर्दा राम्रो हुन सक्छ । अब जहासम्म सन्तुलित विकासको कुरा छ निश्चित रुपमा पहाड र तराईलाई कसरी सन्तुलित विकासका अवधारणामा अगाडि बढाउने त्यो बजेटले नै व्यवस्था गर्नुपर्ने कुराहरु छन् । प्रतिव्यक्ति आम्दानीको कुरा ४७ मा लेखेको छ कर्णाली भन्दा हामी पछाडि छौ प्रतिव्यक्ति आम्दानीमा त्यो आधारमा हामी बजेट अगाडि ल्याउन सकेको अवस्था छ कि छैन ती कुराहरु छन् । ६८ मा मुक्त कमैया मुक्तहलिया, कमलरी, भूमिहिन, वादी, राजी, राउटेका लागि रोजगारी संचालन गर्ने भनेका छन् विगतमा पनि भनेकै छौ र कति प्रशेन्ट हामीले रोजगारी सृजना गर्यौ र उहाहरुको आर्थिक समृद्धि कति गर्यौ केहि हामी सँग डाटा छ कि खाली हामी भन्दै जाने लेख्दै जाने हो कि अब उद्योग धन्दाको स्थापना भनेर चाईने १४१ मा भनेको छ हामीले बारम्बार के भन्यौ भने कुन ठाउमा कस्ता किसिमका उद्योगधन्दाहरु संचालन गर्ने । त्यसलाई राम्रो सँग होमवर्क गरौ उद्योगधन्दा आवश्यक छ जसले रोजगारीका अवसरहरु पनि प्राप्त गर्छ र उत्पादनलाई पनि यसले बढाउछ । अब १७९ मा शान्ति सुरक्षाको कुरा गरेका छन् यहा स्टेटको गृहमन्त्रीज्यू हुनुहुन्छ सभामुख महोदय, ऐन चाडो आउनुपर्यो विना हातहतियारको गृहमन्त्रीले केहि गर्न सक्दैन त्यसैले संघ सँग पनि यो ऐनको बारेमा छिटो कुरा गरौ हामी सरकारका साथमा छौ हामीले भन्दै गरेका छौ यो खाली लेख्ने काम हुन्छ शान्ति सुरक्षा खस्केर गएको छ । १९१ मा कारागार सम्बन्धीको कुरा छ कारागारहरु जिर्ण छन् त्यसलाई पनि सहि व्यवस्थापन गरौ । कारागारमा दुखः दिनुपर्छ भन्ने होईन सुधार गृहको रुपमा त्यसलाई लैजाने

परिपाटिको पनि विकास गरौ अब सबै भन्दा ठुलो कुरो हाम्रो प्रदेशमा जलस्रोतको सम्भावना छ, कृषिको सम्भावना छ, पर्यटनको सम्भावना छ त्यो जगमा बसेर प्लानिङ गरौ न दिर्घकालीन, अल्पकालिन गरौ जति हामी सँग सम्भावना छ, बजेट छ त्यो किसिमले हामी अगाडि बढौ । जहा सम्म एउटा कुरो मैले बारम्बार भन्ने गरेको छु हामी राम्रो जग विसाऔं अहिले किन भन्दा दुईवटा हामी कुपात्र हुने कि सुपात्र हुने अहिलेका जनप्रतिनिधिहरु ऐतिहासिक हुनुपर्छ किन भने नयाँ अभ्यासमा नयाँ मोडालिटिमा हामी आएका छौ । यो व्यवस्थाको सफलको विकल्प छैन अन्य कुरा हामी नसोचौ कि यसलाई सफल बनाउनै पर्छ यदि यो व्यवस्थालाई यो संविधानलाई सफल बनाएनौ यसलाई विफल हुने किसिमले हामी गएनौ भने धेरै ठुलो दुर्घटनामा नेपाल जान्छ र कोहि उम्कन सक्दैन त्यसैले सन्तुलित विकासका कुराहरु पहाड रितिदैछ त्यो चिन्ता हामीलाई छैन त्यसैले गर्दाखेरि पहाडलाई पनि कसरी चाईने सन्तुलित रुपमा पहाडलाई राख्न सकिन्छ योजनाको रुपमा पनि त्यहा राम्रा क्वालिटीका स्कुल दिनुपर्यो, हस्पीटल दिनुपर्यो, रोजगारी, स्वरोजगारीका अवसरहरु दिनुपर्यो र पहाडको जो बाझे जमिनलाई पनि उत्पादनतिर ल्याउनुपर्यो त्यो खालको पनि हामी प्लानिङ गरौ र अर्को कुरा यो ज्यादै गुनासोको रुपमा सांसदहरुको ग्रेड यहा नछुट्याऔ सबै हामी समान छौ निर्वाचन प्रक्रिया मात्र हाम्रो आफ्नो किसमको संवैधानिक व्यवस्था हो र समानुपातिक सांसदहरुलाई हिमिलेट गर्ने काम हामी नगरौ उनिहरुलाई पनि न्यायोचित तरिकाको बजेट बाड्ने खालको बाताबरण सरकारले गरोस म सभामुख मार्फत सम्मानजनक रुपमा समानुपातिक तर्फबाट आएका सांसदहरुलाई पनि बजेटको सम्मानजनक रुपमा व्यवस्था गरिदिन म हार्दिक अनुरोध गर्न चाहान्छु । र जहा सम्म मलाई के लाग्छ भन्दा खेरि यो बजेट वितरणमुखि होला जस्तो लागेको छ अब नगरौ व्यक्तिगत कुरातिर छोडौ ऐतिहासलाई कसैलाई अवसर दिन्छ त्यो अवसरलाई ऐतिहासिक रुपमा त्यसको व्यवस्थापन गरौ किन भन्दा खेरि सधै हामीलाई ऐतिहासले मौका दिदैन एउटा राम्रो व्यवस्थापन गरेर अगाडि बढौ म भन्दा पूर्ववक्ता माननीय सांसदज्यूले भन्नु भा को थियो कि अब हामी यो तरिकाले जाऔ हामी जस्ता पात्र धेरै आउँछन् यो पहिलो चोटि भएको हुनाले यसको जग बलियो विसाऔ हामी सहकार्यको आधारमा जाऔ र एउटा कुरा भन्नै पर्छ प्रदेश सरकारले जुन झ्यालबाट योजनाहरु दिएको छ उपभोक्तामा पनि आफ्नै परिवारका मान्छे योजना पनि अरुलाई छुन नदिने मैले भनेको थिए वन्ली टु सि बट नट टु टच भन्ने अवधारणामा गएको छ यसले ती योजनारुले एउटा आर्थिक अनुशासन मात्र तोडेको छैन आर्थिक अराजक मात्र गरेको छैन त्यसले सामाजिक सद्भावलाई पनि खलल पुऱ्याएको छ । त्यो भनेको ठुलो नोक्सान हुन सक्छ । त्यसैले कुनै पनि योजनाको औचित्य र्‍यास्नल के हो त्यो आधारमा त्यहाको बस्तुगत रुपमा हामीले कस्ता योजना दिनुपर्छ कुन प्रक्रियाबाट दिनुपर्छ । त्यसको एकाउण्टविलिटि कले लिने यि सबै विषयहरुलाई हेरेर जादाखेरि त्यसको त्यहि किसिमले व्यवस्था गर्दाखेरि यो अझै राम्रो हुन सक्छ भन्ने मेरो आग्रह छ सभामुख महोदय, यो अब भारतमा जाने रोजगारीका लागि जति युवाहरु छन् हामीले हाम्रो माननीय मुख्यमन्त्रीज्यूले यि श्रमको कुरा मलाई थाहा छ अब भारतमा युवाहरु जान पर्दैन भन्नु भा थियो हामी स्वागत गर्छौ त्यो भनाईलाई र कति प्रशेन्ट अहिले भारतमा युवा जान न्यूनिकरण गरेका छौ कति प्रशेन्ट कम भा को छ यसो हामीलाई त्यो डाटा सुनाईदिएको खण्डमा पनि हामीलाई जानकारी हुन्थ्यो हामीले त्यस तर्फ कस्ता किसमका योजना संचालन गर्यौ कति प्रशेन्ट हामीले त्यसलाई रोक्ने कोसिस गर्यौ यि कुराहरु तर्फ पनि जानकारी गर्दा राम्रो हुन्थ्यो जस्तो मलाई लाग्छ र जहा सम्म मलाई लाग्छ मेरो समय सिदिन थाल्यो म अन्तमा के भन्न चाहान्छु भने कसै यो प्राविधिक कारणले सत्तापक्ष र प्रतिपक्ष छौ हामीहरुको गन्तव्य एउटै छ र यो संविधानको सफल कार्यान्वयन, यो व्यवस्थाको सफल कार्यान्वयन र सुदूरपश्चिमको जुन गरिबी छ, बेरोजगारी छ जो आर्थिक अभाव छ यसलाई समृद्धितिर लैजाने सबैको

एउटै लक्ष्य छ र मलाई के लाग्छ भन्दा यो नीति तथा कार्यक्रममा धेरै फुलबुट्टा भरेर ल्याउनु भन्दा त्यले पेट भरिदैन त्यले त यो पढ्दाखेरि रमाईलो त लाग्ला तर सुदूरपश्चिमबासिको यि शब्दले पेट भरिदैन परिणाममुखिले मात्रै उनको जीवनमा केहि परिवर्तन आउन सकिन्छ त्यसैले सुशासन, विधिको शासन, पद्धतीको शासन र सुदूरपश्चिमको सम्भावनालाई अध्ययन गरेर दिर्घकालीन र अल्पकालिन जो जनतालाई सेवा दिने खालका जाऔं हामी सबैको प्रतिपक्ष भनेको गरिबी हो त्यो गरिबीलाई कसरी हटाउन सकिन्छ नेपाली कांग्रेस सरकारका साथ यो उद्देश्य प्राप्तिका लागि साथमा रहेर काम गर्ने छ भन्ने भनाई राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय हर्क बहादुर कुँवर :-** माननीय आर्थिक बर्ष २०७६।०७७ को आर्थिक नीति तथा यो सभामुख मार्फत प्रदेश प्रमुख प्रति आभार व्यक्त गर्दै सरकारलाई सभामुख मार्फत धन्यवाद दिन चाहान्छु । साथै आज हामी महत्वपूर्णस्थितिमा उभिएका छौ । यो कार्यक्रम नीति यो समाजवाद उन्मुख छ । यसले १७७ वटा भावी नीतिलाई मार्ग खुलेको छ र विगतका ३४ वटालाई यसले समिक्षा गरेको छ । म यसको स्वागत गर्न चाहान्छु र समर्थन गर्न चाहान्छु यो अति उत्तम छ । सभामुख महोदय, अब हामी अहिले कुन स्थानमा छु आगामी दिनमा हामीले कसरी अगाडि बढ्नुपर्छ यो हाम्रो महत्वको विषय हो त्यसैले आज हामी महत्वपूर्ण विषयमा उभिदा हामीले यो प्रदेशका ९ वटै जिल्लालाई स्वाभिमानी किसिमले कसरी अगाडि बढाउन सक्छौ । भर्खरै केन्द्रको संघको बजेट आउदा हामी अपेक्षित हामीले महसुस गरेका छौ । हामीले अब यो प्रदेशमा सुदूरप्रदेशमा हामीले हाम्रो भाग्य रेखा हामीले नै कोर्नुपर्छ जस्तो मलाई लागेको छ । हामीले विगतका दिनलाई समिक्षा गर्यौं कृषिको क्षेत्रमा र हामीले स्वास्थ्यका क्षेत्रमा, विभिन्न पर्यटनका क्षेत्रमा हामीले उठाएका कुराहरुलाई अब आउदा दिनहरुलाई परिपूर्ति अधुरा कामलाई कसरी गर्न सक्छु हाम्रो सवाल यहानिर हो जनताले धेरै अपेक्षा गरेका छन् हामी चाहे जुनसुकै जिल्लाबाट प्रतिनिधित्व गरेपनि जुनसुकै समुहको भए पनि जनताले यो प्रदेश प्रति धेरै आश भरोसा गरेका छन् । हामीले त्यहि कारणले हामीले अगाडि बढ्नुपर्छ जस्तो मलाई लागेको छ । सभामुख महोदय, अब आउने दिनहरुमा हामीले यो नीति तथा कार्यक्रमले मार्ग त खोलेको छ यहि मार्गलाई टेकेर हामी आउने बजेटलाई कसरी अगाडि बढाउन सक्छौ । समानुपातिक किसिमले, समान ढंगले हामी कार्यान्वयनलाई जोड दिनुपर्छ जस्तो मलाई लागेको छ । सभामुख महोदय, हाम्रा विभिन्न पिछडिएका गाउँ जहा दुरदराजमा बसेका जनतालाई हामी सम्बोधन गर्नुपर्छ उनिहरुले धेरै आश गरेका छन् पहाडका ७ वटा जिल्लामा अहिले पनि मान्छे आक्रान्त भएका छन् । चाहे ति कृषिको क्षेत्रमा हुन, चाहे ती हरेक क्षेत्रमा दुखित भएर बसेका छन् जनताहरु हामीले आगामी दिनहरुमा उनिहरुलाई उज्यालोमा लग्नको लागि भरपर्दो माध्यमबाट उनिहरुलाई स्वाभिमानी बनाउनको लागि हामीले निरन्तरता दिनुपर्छ जस्तो मलाई लागेको छ । सभामुख महोदय, हामीले स्वास्थ्यको क्षेत्रमा सेती अंचल अस्पताल र महाकाली अस्पताललाई हामीले जसरी जोड दिएको छ यो नीतिले त्यसका साथ साथै म अछामको बयलपाटा अस्पताललाई पनि जोड्द चाहान्छु प्रदेश सरकारको तर्फबाट यो ०७५।०७६ लाई जुन त्यो हस्पीटललाई जुन अनुदान गरियो जुन औजारहरु प्रदान गरियो म सरकारलाई धन्यवाद दिन चाहान्छु । तर साथै आउदा दिनहरुमा पनि २०७६।०७७ मा पनि त्यो बयलपाटा अस्पताललाई सम्बोधन गरियोस यो नेपालको एउटा नमुना अस्पताल रहेको छ । यो प्रदेशको मात्र होईन नेपाल अधिराज्यमा बयलपाटा अस्पताल कतिपय माननीयज्यूहरु, कतिपय मन्त्रीज्यूहरुले अवलोकन गरिसक्नु भा को छ उदाहरणको रुपमा त्यो अस्पताल अहिले बाजुरा र अछामका जनताले लाभाम्वीत भएकाछन् तर एउटा संस्थाको माध्यमबाट चलाएको अस्पताललाई आउदा दिनहरुमा यो नीति कार्यक्रममा नसमेटिएको हुनाले आउदा दिनमा बजेटको यसमा पनि सम्बोधन होला भन्ने मैले पूर्ण आश गरेको छु । सभामुख महोदय, हामीले अब अछाम जिल्लाको साफेबगर वडा नं.२ त्यहा पुरात्वीक हिसाबले त्यहा

अहिले उत्खनन गर्दा साडे ६ केजी चादी, ३ के.जी. सुन भेटिएको छ । पुरातत्वी केन्द्रले संघले चाहि त्यसलाई सिलबन्दी गरेर साफेमा राखिएको छ । म जोडदारका साथ यो सरकार समक्ष यो नीति आउदो बजेटमा त्यो सिलकोट अथवा साफेनगरपालिका वडा नं.२ मा संग्राहालयको व्यवस्थाको लागि पनि म अनुरोध गर्न चाहान्छु । सभामुख मार्फत त्यसलाई संरक्षण गर्नुपर्छ, त्यसलाई राष्ट्रको, हाम्रो प्रदेशको सम्पतीको रुपमा त्यसलाई अगाडि बढाउनुपर्छ यस्ता महत्वपूर्ण कुरालाई हामीले ध्यान दिएर यो नीति तथा कार्यक्रमले मार्ग त खोलेको छ तैपनि त्यसको सम्बोधनको लागि यो आउदो बजेटमा समावेशका लागि म अनुरोध गर्न चाहान्छु । सभामुख महोदय, हामीले विभिन्न पुरानो अगाडि बढ्दा अब कसरी यो प्रदेशलाई स्वाभिमानी बनाउन सक्नु भन्ने खाले आज धेरैले चिन्तनन मनन गरिरहेका छन् । त्यसै कारणले म सभामुख मार्फत म सरकारलाई अनुरोध गर्न चाहान्छु । जब हाम्रो प्रदेशमा पछौटेपन छ विभिन्न किसिमका उल्लेखत छ यो नीति तथा कार्यक्रम अगाडि बढाएको छ । तैपनि अब हामीले साना तिना झिना मसिना कुरामा नअल्झेर हामी महत्वपूर्ण गौरवका योजनाहरु हामीले पर्यटन क्षेत्र मैले पहिल्यै पनि यो गरिमामय सदनमा मैले बोलेको थिए सभामुख महोदय, मैले यो प्रदेशका निमुखा, गरिबका रेखामुनि बसेका दलित दाजुभाईहरुलाई नागरिकताको अथवा लालपूर्जाको व्यवस्थाको लागि मैले बोलेको थिए यो नीति तथा कार्यक्रममा यो छुटेको हुनाले आउदादिनहरुमा यो ०७६।०७७ को बजेटमा दलित दाजुभाईहरुका लालपूर्जाका लागि व्यवस्था गरियोस भन्ने पनि म अनुरोध गर्न चाहान्छु । हामी जस्ता पिछडिएका ठाउँका लागि हामी कसरी स्वाभिमानी बनाउन सक्छौ । महिलाका समस्या छन्, दलितका समस्या छन्, बालबालिका अहिले पनि कुपोषणको संघारमा छन् तीनलाई हामीले कसरी स्वाभिमानी बनाउने र उनिहरुलाई आय आर्जनको क्षेत्रमा स्वाभिमानी बनाएर अगाडि बढाउन सक्छु भन्ने खातिर सभामुख मार्फत म बालबालिकाका लागि पनि उहाहरुको स्वास्थ्यलाई ख्यान गर्न भोली भविष्यका कर्णधारलाई पनि यो स्वास्थ्य क्षेत्रमा सुधारको व्यवस्था होस भन्ने म यो यहा आउदो नीति तथा कार्यक्रमको माध्यमबाट आउदो बजेटमा समावेश गरियोस भन्ने पनि म अनुरोध गर्न चाहान्छु । अन्तमा सभामुख महोदय, मैले यसरी राखिरहदा आउदो बजेटलाई समानुपातिक ढंगले चाहे ति जुन क्षेत्रका माननीयज्यूह हुन, चाहे समानुपातिक हुन चाहे प्रत्यक्ष हुन सबैको भाव एउटै हुनाले समानुपातिकको पनि व्यवस्था राम्रो होस भन्ने अनुरोध गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय टेक बहादुर रैका :-** माननीय सभामुख महोदय, प्रदेश सरकारले २५,२६ पन्नाको २११ बुदाको नीति तथा कार्यक्रम बडा सुझबुझका साथ ल्याएको छ । तर डोटी उखान छ लट्ठी पनि नटुट्ने सर्प पनि नमर्ने खाले यस्तो तरिकाले आएको छ म अरु बुदामा त जादैन मेरो ७४ नं. बुदा, बुदा नं.१०० र १११ बुदामा महिला हिंसा, छाउँपडि, जातिय भेदभाव उन्मुखलन गर्न सामाजिक रुपान्तरणको अभियान संचालन गरिने छ भनिएको छ । महिलाको हिंसाका साथसाथै, छाउपडि प्रथाका साथ साथै भेदभाव कसको भेदभाव अन्त गर्न खोजेको हो यो बुदाले बावन, उपाध्याय र जैशी, क्षेत्री ठुला र साना, दलितमा चार जात र छत्तीस बर्ण हामी भित्र कुन बर्गको यसले भेदभाव गर्न खोजेको हो यो नीति तथा कार्यक्रममा मैले आफै बुझ्न सकेको छैन । यति जातिय भेदभाव उन्मुलन गर्ने हो भने दलित जाति सँग प्रदेश सरकार अथवा मुख्यमन्त्री कार्यक्रमहरु ल्याउनुपर्छ छाउपडि प्रथाको अन्त्य गर्ने हो भने प्रदेश सरकार तथा छाउपडि पर्था भनेर अरु ल्याउनुपर्छ घोषणा गर्नुपर्छ यो नीति तथा कार्यक्रममा प्रत्येक ३१ निर्वाचन क्षेत्रमा राज्यका राजनेताहरु, सामाजिक बुद्धिजीवि, देवदेउताका धामी सहित मिलेर हामी आज देखि छाउपडि प्रथा मान्दैन अभियान थालनी सरकारले गर्नुपर्छ । आज देखि हामी जातिय छुवाछुत, भेदभाव गर्दैनौ भनेर सरकारले त्यो अभियान संचालन गर्नुपर्छ होईन भने दलितलाई देखाउने बाटो मात्र बनाएर तिमि मेरै हौ, म तिम्रै हु तिम्रा बाउ बाजेले पालेको हो तिमिले

सहेका छौ सहकर्म भनेर बल्ललाई बदिया बनाउने नीति चाहि सरकारले नलियोस । यस्तो किसिमको हचुवा किसिमको देखिया छ । यहा मुक्तकमैया र हलियाका कुराहरु, कमलरीका कुराहरु आएका छन् । यिनिहरुलाई कहिले सम्म गर्ने । विगतको सरकारले मुक्त गरिदिए बसोबासको व्यवस्था गरिदिया छ । अझै छुट भएका मुक्त कमैया र हलियाहरुको उचित व्यवस्था सरकारले गर्नुपर्छ र तिनिहरुले पढेका विद्यार्थीहरुलाई कक्षा १ देखि १० सम्म निशुल्क पढाईको व्यवस्था गर्नुपर्छ । भन्ने मेरो यो प्रदेश सरकार सँग माग छ यो नीतिमा समावेश गरेर आउनुपर्छ यसै अनुसारले बजेट पनि आउनुपर्यो अनि अहिले दलित जातिका कुरा गर्दा खेरि हामीले चाहेका हौ २१औँ सताब्दिको सन्देश छुवाछुतमा चाहि पूर्ण यो प्रगतिशिल बापपन्थीको सरकार हो यो सरकारले मेन नाराका साथ सुदूरपश्चिमका सात लाख दलितहरुको कायापलट गर्छ भन्ने कुरामा हामीले विश्वास लिएका थियौ तर त्यो हुन सकेन अझै पनि समय ढाई बर्ष तीन बर्ष अरु छ यो बेला कायापलट गरेर जनताको वीजमा जाने सरकारले नीति तथा कार्यक्रम बनाएर मनसाय लिएर अगाडि बढोस भन्न चाहान्छु र धेरै कुराहरु हामीलाई विगतको सरकार म राष्ट्रिय दलित आयोगमा छने बेलामा हामीले एउटा नीति बनाएका थियौ एक घर दलित एउटा रोजगार, एउटा विद्यालय एउटा शिक्षकको अवधारण लिएका थियौ । विगतको नेपाल सरकार अहिलेको संघीय सरकारले पनि त्यो खोष्टाको कागज बनाएर फालिदिएका छन् र हामी जहिले पनि चिच्याईरहने छौ । यहा मैले भन्न पर्दा खेरि म प्रदेश सभाको माननीय भएको नाताले हल भित्र माननीय सभासदहरु र मन्त्रीज्यू सँग मात्र मेरो पानि चल्छ तर मेरो भाईको पानि चल्दैन पिडा समस्या त्यहा हो । यहि सदन भित्र हामी ६ जना दलित माननीय छौ । हामीले धनगढीमा डेरा पाएको छैन मेरो आफ्नो घर छ यो समस्या प्रदेश सरकारले बुझ्ने कि नबुझ्ने यि जातिय विभेदका बारेमा दलितहरुको सीपमुलक कार्यक्रम दलितहरुलाई यहि प्रदेश सरकारले निर्वाचन क्षेत्रमा दलितहरुको ससक्तिकरणको अभियान चालाएको छ कति जना दलितले सीप सिकेर रोजगार पाएका छन् प्रदेश सरकारले हामीलाई जवाफ दिनुपर्छ । अहिले पनि तिमिलाई हामी का सिकाउछु बाजा बजाउन सिकाउछु भन्ने हामीलाई केहि चाहिएको छैन नेपालको संविधानले दिएका मौलिक अधिकार भित्र दलितहरुको अधिकार सुनिश्चित गर्दै अरुको मौलिक अधिकारमा पनि कसैले कुनै किसिमको बाधा अडचन नगरेर स्वातन्त्र मौलिक आधारको जीवन कानून बन्नु पर्छ यो कानून बनाएर कानून छुवाछुत गर्ने मान्छेलाई मात्र होईन त्यहाको प्रशासनको प्रमुखलाई पनि कडघरा भित्र लिएर कडा कानून बनाएर छुवाछुत मुक्त कानून निर्माण गर्नका लागि प्रदेश सरकार अगाडि बढोस भन्दै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय नेपालु चौधरी :-** माननीय सभामुखज्यू, हाम्रो सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक बर्ष ०७६।०७७ को नीति तथा कार्यक्रम यो प्रस्तुत गरेको छ । त्यो धेरै स्वागतयोग्य छ । स्राहनिय छ त्यसका साथ साथै आर्थिक बर्ष ०७५।०७६ को यो विनियोजीत बजेट यो गएको बर्षको पनि समिक्षा गरेको छ । बास्तवमा त्यो समिक्षा गर्नेबेला अहिले नभए पनि यो समिक्षा गरेको धेरै राम्रो भएको छ । समिक्षा गर्नै पर्छ बास्तवमा यहा पटक पटक कुरा उठ्दै गरेको छ कि विपक्षी दलका माननीयज्यूहरुले अहिले सम्म सरकारले कत्ती पनि खर्च गर्न सकेको छैन । अहिले यसपालि पनि धेरै बजेट फ्रिज हुन्छ भन्ने जुन खालको कुरा उठान गरिराख्नु भएको छ त्यो बास्तवमा अहिले हामीले हेर्दा धेरै निर्वाचन क्षेत्रमा योजनाहरु, आयोजनाहरु द्रुत गतिमा अगाडि बढीरहेको छ । कतिपय योजनाहरु मंसिर देखि नै शुरु भएका छन् ती योजनाहरु अहिले सम्पन्न हुने अवस्थामा छन् । र अहिले ती योजनाहरु सम्पन्न भैसकेपछि त्यस्को रकम भुक्तानी गर्दा अत्याधिक खर्च भएको देखिन्छ । त्यस कारणले यो प्रदेश

सरकारले अहिले धेरै रफ्तार र धेरै गतिमा कामहरु गरिरहेको छ । योजनाका कामहरु अगाडि बढेको देखिन्छ । र त्यसका साथ साथै हाम्रो सरकारले यो आर्थिक बर्ष ०७६।०७७ को नीति प्रस्तुत गर्नु भएको छ बास्तवमा यो यहा रहेका विभिन्न जातजाति, भाषाभाषि तराई, मधेश, पहाड लगायत सबै क्षेत्रका पछाडि पारिएका कमैया, सुकुम्बासि, मजदुर, हलिया सबैका पक्षमा सम्बोधन गरेको छ । बास्तवमा हाम्रो देश, हाम्रो प्रदेश सुदुरपश्चिम प्रदेशका जनताहरु अधिकांश जनताहरु गरिबको रेखामुनी रहेको कारणले यहाका जनताहरुको तीन महिना सम्म पनि खाना खान नपुग्ने पनि हुनुहुन्छ । त्यस्ता जनताको लागि न्यून मुल्यमा खाद्यान्न सामाग्री उपलब्ध गराउन नीति ल्याउन सके बेस हुन्थ्यो भन्ने मलाई लाग्या छ र हामीले पटक पटक कि सदनमा उठान गरेका थियौ कि सुदूरपश्चिम प्रदेशमा धेरै दुर्घटनाहरु भैरहेका कारण तत्काल उपचार हुन सक्ने एउटा ट्रामा सेन्टर व्यवस्थापन गरिनुपर्छ भन्ने कुरा आईरहदा सरकारले यो छुट्यो कि भन्ने मलाई लाग्छ नीति तथा कार्यक्रममा ट्रामा सेन्टरको पनि आउदा बेस हुन्छ जस्तो मलाई लाग्दछ र बास्तवमा हाम्रो प्रदेशमा अहिले धेरै कुराहरु हिजो स्थानीय सरकारले पनि सिफारीस गर्ने योजनाहरु माग गर्दा व्यक्तिहरुले पनि योजनाको माग गथ्यो र अहिले धेरै योजनाहरु दोहोरो पर्न गएर अलिकति सरकारको यो नीति तथा कार्यक्रममा योजना दोहोरो नपर्ने हिसाबले एउटा नीति अवलोकन गर्ने कुरा ल्याएको छ यो एकदम स्वागतयोग्य छ बास्तवमा दोहोरो पर्दाखेरि यहा अलिकति विवाद बढेको देखिन्छ । त्यस कारणले दोहोरो नहुने गरि योजना आए विवाद हुदैन कि भन्ने लाग्छ । अर्को यो विपन्न थारु समुदाय हितका लागि विकास कार्यक्रमको पहिचान गरि एकिकृत रुपमा संचालन गर्ने नीति सरकारले ल्याएको छ । बास्तवमा हिजोको दिनमा कमैया मुक्त हुदा पनि अधिकारकर्मिहरु थारु नै थिए अहिले पनि थारु नै भएको कारणले बास्तवमा थारुहरुको यो जुन हितमा नीति तथा कार्यक्रम सरकारले ल्याएको छ । यसलाई भोलीको दिनमा पक्कै पनि कार्यान्वयन हुन्छ भन्ने मैले आशा लिएको छु । त्यसका साथ साथै यो सिकलसेल एनिमियाका लागि पनि सरकारले महत्वका साथ अगाडि सारेको छ । र म सरकारसँग के अनुरोध गर्न चाहान्छु भने यसलाई अझ यसको क्षेत्र विस्तार गरियोस भनेर यो नीति तथा कार्यक्रम आउदा राम्रो हुने भन्ने मलाई लाग्दछ र बास्तवमा यहा थुप्रै युवाहरु बेरोजगार र विदेशिन बाध्य भएको कारणले हामीले हिजोका दिनमा विदेशमा जाने युवाहरुलाई नेपालमै रोजगारको को व्यवस्था गर्नुपर्छ । स्वरोजगारको व्यवस्था गर्नुपर्छ भनेका थियौ र अहिले सरकारले त्यस्ता युवाहरुलाई नेपालमा रोजगारको व्यवस्था गर्ने नीति ल्याएको छ । हामी आशावादी छौ अब युवाहरु विदेश जानुपर्ने अवस्थाबाट वञ्छित हुनेछन् भन्ने लागेको छ र त्यसको साथ साथै यो सुदूरपश्चिम प्रदेश र प्रदेशस्तरिय कुनै पनि विश्वविद्यालय नभएको कारणले यो प्राविधिक विश्वविद्यालय र पोलिटेक्निक संस्थाहरु स्थापनाका लागि सरकारले विस्तृत अध्ययन कार्य प्रारम्भ गर्ने जुन नीति अगाडि सारेको छ । त्यसका साथ साथै विश्वविद्यालय प्रदेश स्तरिय विश्वविद्यालय यहि कैलालीमै स्थापना गरिनुपर्छ भन्ने कुरा नीतिमा आएको भए राम्रो हुन्थ्यो भन्ने मैले उल्लेख गर्न चाहे र अर्को कुरा पटक पटक सेती अंचल अस्पताल र महाकाली अंचल अस्पतालको अवस्था एकदम दयनिय भएको कुरा हामीले पटक पटक भनेका थियौ र अहिले सरकारले सेती अंचल अस्पताल र महाकाली अंचल अस्पताललाई स्तरोन्नती गर्दै व्यवस्थित रुपमा अगाडि बढाउने नीति उल्लेख गरेको कारणले एकदम राम्रो छ । स्वागतयोग्य छ हामी आशा गरौ सेती अंचल अस्पताल र महाकाली अंचल अस्पताल व्यवस्थित हुनेछ । सफा हुने छ, सुन्दर हुनेछ भन्ने हामी आशा गरौ भन्दै म यो अनुरोध गर्न चाहान्छु र बास्तवमा यो सार्वजनिक विद्यालयको सन्दर्भमा सार्वजनिक विद्यालय अध्ययन गरेका पिछडिएको क्षेत्र र वर्गको जेहेनदार विद्यार्थीलाई चिकित्सा शिक्षा अध्ययन गर्ने व्यवस्था मिलाईने छ भन्ने सरकारले नीति ल्याएको छ र अहिले पनि हामीले देखेको छौ गरिब परिवारका बच्चाहरु, बालबच्चाहरु डाक्टर हुन सकेका छैनन, ईन्जिनियर हुन सकेका छैनन सरकारले यो नीति

ल्याएको छ बास्तवमा अब आशा गरौ गरिबका बच्चा पनि डाक्टर हुनेछन् भन्ने मैले अपेक्षा लिएको छु र साथ साथै दलित, दोन्दपिडित, आदीवासि जनजाति, सिमान्तकृत, अति विपन्न वर्गका जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान कार्यक्रम पनि सरकारले ल्याएको छ । यो धेरै स्वागतयोग्य छ । धेरै राम्रो छ र हामीले हाम्रो प्रदेशमा मैले अहिले सम्म कृषि तथा बन विज्ञान क्याम्पस देखेको छैन एउटा मात्रै वैतडिमा सुनेको छु र हाम्रो यो सुदूरपश्चिम प्रदेशमा पनि अब कृषि तथा बन विज्ञान विषयमा स्नातक तहमा अध्ययन गराउने कुरा सरकारले ल्याएको छ त्यस कारणले हामी आशावादी छौ अब यो प्रदेशले हाम्रा बालबच्चाहरु कृषि तथा बन विज्ञान विषयमा स्नातक गर्न पाउनेछन भन्ने हामीलाई लागेको छ र त्यसका साथ साथै भूमिको वर्गिकरण गरि कृषि क्षेत्र, औद्योगिक क्षेत्र, बन क्षेत्र, बस्ती तथा शहरी क्षेत्र तोकि कार्य गर्ने प्रोत्साहन गरिने छ भनेको छ बास्तवमा हाम्रो क्षेत्र हिजो कृषिको भण्डार क्षेत्र पनि थियो । कृषि उपज क्षेत्र पनि थियो र अहिले हामीले खान पुगिरहेको छैन र अहिले पनि हामीले यो भूखण्डिकरण हुनबाट जोगाउछौ भन्ने मलाई लागेको छ त्यस कारणले यो स्वागतयोग्य छ र त्यसका साथ साथै मैले एउटा कुरा यो एक स्थानीय तह एक औद्योगिक उत्पादन भन्ने कुरो सरकारले ल्याएको छ मैले यो उद्योग नभए पछि औद्योगिक उत्पादन कसरी होला भन्ने कुरा अलि अलि मैले नबुझेको हो कि जस्तो लाग्यो यसमा स्पष्ट हुन पाए हुन्थ्यो भन्ने मलाई लाग्दछ र म खास गरि यो अहिले धेरै स्वागतयोग्य नीति तथा कार्यक्रम भएको कारणले यो नीति तथा कार्यक्रमको पुनः हार्दिक शुभकामना दिदै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय मालामति देवी राना :-** माननीय सभामुख महोदय, हामी दुई दिन देखि बार्षिक नीति तथा कार्यक्रम २०७६।०७७ माथि हामी छलफल गरिरहेका छौ । सभामुख महोदय, सर्वप्रथम त म चाहि यो नीति तथा कार्यक्रममा हाम्रो यो नीति तथा कार्यक्रम आएको छ यो एउटा हाम्रो दस्तावेज हो यो दस्तावेज माथि मैले सुझाव दिन चाहान्छु । सरकारलाई यो चाहि प्रदेश सुदूरपश्चिम प्रदेशको यो पहिलो यो दस्तावेज हो हाम्रो यो दस्तावेज चाहि अली चाहि गुणस्तर र राम्रो चाहि आउनुपर्ने थियो यो चाहि एउटा चाहि सेतो पानामा मात्र आएको छ । यो दस्तावेजलाई चाहि हामीले सदियौ सम्म हामी राख्ने खालको दस्तावेज आउनुपर्ने थियो तर त्यस्तो दस्तावेज आएको छैन यदि सरकार सँग बजेट छैन भने बरु हामी सांसदहरुले हामीले पाउने पारिश्रमिकबाट पनि हामी दिन सक्छौ तर चाहि ऐतिहासिक दस्तावेजहरुलाई चाहि अलि गुणस्तर हिसाबको दस्तावेज ल्याउनुपर्छ मेरो आग्रह छ सभामुख महोदय, र चाहि सभामुख महोदय हामी प्रदेशलाई स्वाभिमान बनाउनका लागि एक बर्ष हामीले पर्खनु पर्छ हाम्रो कहिले चाहिने नीति तथा कार्यक्रम कहिले हाम्रो बजेट आउछ त्यसमा हामी भरपर्छौ । प्रदेशलाई स्वाभिमान बनाउनका लागि यो नीति तथा कार्यक्रमले यसमा महत्वपूर्ण भुमिका खेल्छ । तर पनि हामी माननीय सांसदज्यूहरुले हामी यसमा धेरै सरसल्लाहा सुझाव दियौ तर यो नीति तथा कार्यक्रम अधिकांश चाहि पुरानै निरन्तरता दिएको हामीले देखेका छौ । साहेद सरकारको यसमा दुरदृष्टि नजर पुगेन कि यो सरकारको नीति तथा कार्यक्रममा आसवासन बाहेक हामीले खासै केहि देखेनम यो नीति तथा कार्यक्रम जनमुखि हुनुपर्नेमा यो नीति तथा कार्यक्रम खासै गरि वितरणमुखि देखिएको छ । गत साल नीति तथा कार्यक्रम सबैको मानवअधिकार समेट्ने गरि सबै जातजाति, महिला पुरुष, जाति समुह समुह बीच वृहत छलफल गरिएको थियो सभामुख महोदय, जुन जनताले दिएको जवाफ पटक्कै यसमा समेटिएन अब विश्वास गर्ने ठाउँ नै छैन यो नीति तथा कार्यक्रममा पनि सहि हुने छैन कि पहिला पनि नतिजा दिन सकेन यो पालि पनि नतिजा दिन सक्दैन जस्तो लागि रहेको छ । त्यस कारण चाहि यो बर्षको नीति तथा कार्यक्रम नतिजा नदिने निश्चित नै देखिएको छ सभामुख महोदय, सरकारको म ध्यानाकर्षण गराउन चाहान्छु । २०७५।०७६ को बजेट आउदैमा हाम्रो प्रदेशमा तराई देखि पहाड सम्म एकदम महंगी बढेको थियो सभामुख महोदय, त्यो बर्ष भरीमा महंगी नियन्त्रण गर्न हाम्रो

प्रदेश कुनै हाम्रो सरकारले, स्थानीय सरकारले कुनै पनि कदमी चाहि चाल्नु भएन उहाले विचार गर्नुभएन यो ०७६।०७७ सालको नीति तथा कार्यक्रममा महंगी निश्चितमा फेरी बढ्ने छ भन्ने म जानकारी गराउन चाहान्छु । अनि महंगी बढेको ठाउमा बैंकको चर्को व्याज पनि जनता एकदमै मारमा छन् । चर्को व्याजले गर्दा चाहि लगानी पनि निरुत्साहित भएको छ सभामुख महोदय, मारमा परेका जनताहरुका निम्ति सरकारको ध्यान जावस सरकारले एउटा चाहि अनुगमन समिति बनाएर पनि चाईनि यसको महंगीको चाहि नियन्त्रण गरियोस र यो नीति तथा कार्यक्रम नत्र भने यो  नीति तथा कार्यक्रम सभामुख महोदय देखावटी एउटा खोको ढुंग्रो जस्तो हुनेछ सभामुख महोदय, यदि हामीले नियन्त्रण गरेनम भने सभामुख महोदय यो सरकार शान्ति सुरक्षाको मामिलामा यो सरकार असफल भएको प्रमाणित भएको छ सभामुख महोदय, किन भने निर्मला पन्तको हत्या हत्यारा अहिले सम्म पनि पत्ता लागेको छैन सभामुख महोदय सुदूरपश्चिम प्रदेशमा हामीले सुनि रहेका छौ दिनध्यायाडे सैयौ महिला, साना नानिहरु चाहि बलत्कार भैरहेको छ सभामुख महोदय त्यतिमात्रै हैन बलत्कारको प्रमाण नष्ट गर्ने काम स्वयं आफै सरकारले गरेको छ । सरकारले सुरक्षा यदि दिन सक्दैन भने सरकारमा बस्ने कुनै औचित्य पनि रहदैन सभामुख महोदय समृद्ध र सुखिको नारा हामी सबैले हामीले लगाउछौ हामी कमसेकम हामीले अहिले सम्म चाहि २०, २५ जना हामीले बोली सकिम समृद्धि र देश सुखिको नारा सबैले हामीले लगाएका छौ । सुदूरपश्चिम प्रदेश कृषिमा धनी प्रदेश हो तर घटिया सोच नीतिले गरिब प्रदेश बनाईएको छ सभामुख महोदय, समृद्धि र देश सुखि बनाउनको लागि जबसम्म कृषि औद्योगिकरण हुदैन, खेतियोग्य उर्भरा जमिनहरुको खण्डीकरण रोकिदैन, चक्लाबन्दी गरेर मात्रै हुदैन प्रत्यो जिल्ला क्षेत्रमा उद्योग, व्यवसायिक खोलिदैन, कृषि मिटरको अवधारणा ल्याईदैन युवाहरुलाई रोजगार दिईदैन तब सम्म देश समृद्ध र सुखि हुन सक्दैन सभामुख महोदय अर्को देश सुखि र समृद्ध बनाउनलाई खाडि मुलुक पुग्नुपर्छ । युवाहरु जागरेलु पनि छन् जाने पनि छन् कतार, साउदी, मलेशिया पुग्नुपर्छ दुखः कष्ट भोग्नै पर्छ । यो सरकारले चाहि युवाहरुलाई स्वदेशमा रोजगार दिन छोडेर विदेशमा जानेलाई विमाको प्रोत्साह गरिएको छ सभामुख महोदय यो नीति चाहि उचित होईन सभामुख महोदय, सभामुख महोदय आजको शिक्षा क्षेत्रको चुनौति भनिएको सिकाई र गुणस्तरको समस्या हो यसलाई समाधान गर्ने तर्फ नीति तथा कार्यक्रम कुनै ठोस प्रस्ताव ल्याईएको छैन । बच्चाहरुलाई समुदायिक विद्यालयतिर भर्ना गर्ने हामी घोषीत प्रेरित गर्छौ तर विद्यार्थीहरुलाई चाहिने आवश्यक साधन स्रोत दिनको लागि नीति तथा कार्यक्रममा कुनै ठोस व्यवस्था  गरिएको छैन । प्राविधिक शिक्षा जेहेनदार बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था गरियोस जस्तै तपाईको राउटे, कमैया, दलित, जेहेनदार बालबच्चाहरुलाई पुर्नछात्रवृत्तिको व्यवस्था गरियोस सभामुख महोदय सुदूरपश्चिम प्रदेश सरकारलाई गत साल दुई बर्षमा निरक्षरमुखि घोषणा गर्ने भनिएको थियो तर सभामुख महोदय, यो बर्ष तीन बर्षमा चाहि मुक्त निरक्षर मुक्त घोषणा गर्ने नीति तथा कार्यक्रममा आएको छ । यो चाहिने निरक्षरको लागि चाहि घटाउनको सट्टामा यसलाई बढाईएको छ । यो अलि बुझ्न गारो भएको छ सभामुख महोदय, हामीले सुझाव दिदा सुझाव दिएका थियौ सभामुख महोदय, पुल, कल्भर्ट, सडक, भौतिक निर्माण, गर्ने ठेक्का दिने कम्पनीलाऐ एउटा मापदण्ड तोक्नुपर्छ तर नीति तथा कार्यक्रममा आएन सरकारले ठेक्का कम्पनीलाई चलाउछ कि ठेक्का कम्पनी सरकारलाई चलाउछ बुझ्न गारो भएको छ सभामुख महोदय, ठेक्काको महत्व नभएर दशौ बर्षका पुल, सडक निर्माण हुनमा ढीलाई भएको छ । भन्सार देखि अत्तरिया ६ लाईन सडक, अन्य सडकहरु अलपत्रमा छन् मापदण्ड नभएर कहिले बन्छ थाहा छैन सभामुख महोदय, सभामुख महोदय, सिकलसेल एनिमिया रोगहरु थारु समुदायलाई मात्र लाग्छ भन्ने जुन आईरहेको छ । यो थारु समुदायको आत्मामा एकदम ठेस लाग्ने अपमान भएको छ सभामुख महोदय म चाहि यो गरिमामय सदनमा जानकारी गराउन

चाहान्छु । सिकलसेल ऐनिमियाको जाच गर्दा खेरि दुईजना बाउन, दुईजना क्षेत्रीको पनि देखिएको छ तर यो नीति तथा कार्यक्रममा चाहि थारुहरुलाई मात्रै यो रोग लाग्छ भन्ने आएको छ । सभामुख महोदय, हामीले सिकलसेल एनेमियाको उपचारको लागि चाहि पुर्ण रुपले यो उपचार हुनुपर्छ भन्ने हाम्रो नीति तथा कार्यक्रममा हामी सुझाव दिएका थियौ तर चाहि यो नीति तथा कार्यक्रममा आएन सभामुख महोदय, हामी चाहि के हामी थारु समयदाय जनम लिदा खेरि हाम्रो गल्ती हो ? हाम्रो गल्ती हो भने हामीले के गर्ने अब, हामीले चाहि सल्लाहा सुझाव दिदा खेरि पुर्ण रुपले यसको उपचार हुनुपर्छ भन्ने पनि सरकारले पनि सुन्नुहुन्न अनि चाहि योजना पनि दिनुहुन्न अनि हामीले के गर्ने, कसरी जाने त्यो भएको हुनाले थारु समुदायलाई लिईदा हाम्रो गल्ती हो या पहाडी समुदायमा जनम लिएको भए हामी सबै अधिकार पाउने थियौ सभामुख महोदय, हामीले हरेक कुरामा हरेक सवालमा विभेद भएको छ सभामुख महोदय विभेद हुदा अंग झसंग हुन्छ दुखाई लाग्छ दर्द हुन्छ । बजेट माग गर्छौं बजेट छुट्याई दिनुहुन्न यो हाम्रो प्रदेशको हामी बजेट माग्न कहा जाने अर्को प्रदेश जानुपर्छ कि यो गरिमा सदनमा सरकारले चाहि जवाफ दिनुपर्छ । महाकाली, सेती अंचल अस्पताललाई चाहि प्रादेशिक घोषणा गर्ने कुरा एकदम स्वागतयोग्य हो घोषणा गर्नुपर्छ तर सेती अंचल र महाकाली अंचल अस्पतालमा विशेषज्ञ डाक्टर छैन, सैया छैन सैया नभएर चाहि भुइमा सुतेर उपचार गराउनुपर्छ । आधुनिक उपकरणहरु पनि छैन र सिकलसेल एनिमियाको लागि रगत जाच गर्ने मेसिन पनि छैन पहिला चाहि यि सबै कुराको व्यवस्थित सरकारले गरियोस अनि मात्रै चाहि प्रादेशिक घोषणा गरियोस मेरो शुभकामना छ । सभामुख महोदय, समानुपातिक सांसदलाई क्षेत्र विकास कोष जो व्यवस्था सबै जनाले भन्दै आएको छ यो व्यवस्था हुनुपर्छ हामी नीति तथा कार्यक्रममा पनि सुझाव दिएका थियौ या त तपाईहरु बी ग्रेडका या ख बर्गका भनेर भनिदिनुपर्यो सांसद सांसद एउटै हो हामी पनि चाहि भोट लिएर यहा आएका हौ त्यस कारण समानुपातिक सांसदलाई पनि निर्वाचन क्षेत्रकोषको व्यवस्था हुनै पर्छ । सभामुख महोदय, प्राकृतिक प्रकोप हावाहुरी, बाढिपहिरो लगायत नियन्त्रण गर्न उच्चस्तरिय प्राविधिकरणको निर्माण गरियोस भनि हामी सुझाव दिएका थियौ तर सरकार यो यसमा नीति तथा कार्यक्रम यसमा आएन अन्तमा चाहि नीति तथा कार्यक्रम सफल कार्यान्वयनको कामना गर्दै धन्यवाद ।

**माननीय अम्बी कुमारी थापा :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको नीति तथा कार्यक्रम आईतबार मात्रै यहा प्रदेश सभामा पेश हुन गएको छ। नीति तथा कार्यक्रम सरसरति रुपमा हेर्दा गत बर्षको पनि उस्तै छ गतबर्ष र अहिलेको उस्तै उस्तै छ लगभग केहि बुदाहरु थपघट भए पनि केहि बुदाहरुमा तलमाथि भए पनि गत बर्षको र अहिलेको लगभग उस्तै उस्तै छ। सरसरति हेर्दा राम्रो छ यो पढ्दा तर एकदम फुलबुट्टा भरिएको छ। एकदम राम्रो छ। एकदम राम्रो नीति तथा कार्यक्रम ल्याउनु भा छ प्रदेश सरकारले त्यसको लागि धेर भन्नु पर्ने कुरा त केहि पनि छैन तर कागजमा लेख्दा राम्रो छ सेता पानामा काला अक्षर एकदम चमक्कै टल्कीने खालको छ। यो कार्यान्वयनमा जादाखेरि अलिकति फितलो भएको गत बर्षको नीति तथा कार्यक्रम पनि कार्यान्वयन भए जस्तो देखिदैन । र अहिलेको यो फुलबुट्टा भरेको नीति तथा कार्यक्रम पनि कार्यान्वयन होला जस्तो लाग्दैन त्यसैले गत बर्ष मुख्यमन्त्रीज्यूले ल्याउनु भएको थियो । प्रदेशमा रहेका बेरोजगार युवाहरुलाई अब स्वदेशमै म रोजगारी दिलाउछु भनेर ल्याउनु भएको थियो अहिले उहाले ल्याउनु भएको नीति कार्यक्रममा प्रदेशमा रहने युवाहरुलाई बीमा गरेर प्रदेश जानुपर्ने बीमा गर्दा खेरि प्रदेश सरकारले पैसा हालिदिने हो कि त्यो खातामा विमा भरेर मात्रै प्रदेश जानुपर्ने ल्याउनु भएको छ । गत सालको नीति तथा कार्यक्रम वितरणमुखि बजेट नीति तथा कार्यक्रम पनि त्यस्तै त्यस्तै आएको थियो अब यो सालको नीति तथा कार्यक्रममा प्रदेशका प्रदेशवासि जनताहरुले आशा अपेक्षा गरेका कुराहरु त यो नीति तथा कार्यक्रममा

केहि पनि देखिदैन । तर पनि यहा लेखिए जतिका बुदाहरु २११ बुदाहरु लेखिएका छन् । २११ बुदाको सट्टा ५ वटा बुदा पनि कार्यान्वयन भएको भए प्रदेश सरकारका जनताहरु प्रदेशवासि जनताहरु केहि राहात पाउथेहोला जस्तो लाग्छ त्यसैले प्रदेश प्रमुखले ल्याउनु भएको नीति कार्यक्रम सरसरती हेर्दा मैले यति नै भने अब नीति तथा कार्यक्रमको धेरै ब्याख्या विश्लेषण गर्नु भन्दा पनि प्रदेशका गौरवका योजनाहरु के हुन ? यो प्रदेशमा सेती, पश्चिम सेती, महाकाली र कर्णाली जस्ता नदीहरु बगिरहेका छन् ती नदीहरुको लागि जलस्रोतको व्यवस्था के हो ? प्रदेशका गौरवका योजनामा कुन कुन प्रदेशका गौरवका योजना भित्र पर्छन त्यो कुरा अलिकति प्रष्ट भएको भए प्रदेशवासि जनताहरु र हामी प्रदेशका प्रतिनिधित्व गर्ने माननीयहरु पनि अलिकति केहि भन्ने कुराहरु सहज हुन्छहोला जस्तो लाग्छ त्यसैले अब धेरै कुरा भन्नु भन्दा हामी कृषिका कुरा गर्दै गर्दा धेरै हामीले कृषिका कुराहरु ल्याएका छौ । थुप्रै कृषि यो प्रदेशलाई कृषि प्रदेश बनाउने, यो कृषि उत्पादन प्रदेश बनाउने भन्ने कुराहरु ल्याएका छौ । हामी यति कुरा नलेखेर एउटा जिल्लाको एउटा स्थानीय तहलाई मात्रै कृषि क्षेत्रको रुपमा घोषणा गर्न सक्यौ भने पनि हामीलाई धेरै राहात हुन्थ्योहोला भन्ने मलाई लाग्छ त्यसैले अब प्रदेश सरकारले ल्याएका ठोस नीति छैन । ठोस नीति ल्याउनुपर्छ प्रदेश सरकारले यो क्षेत्रलाई मैले यो प्रदेश सरकारले कृषि क्षेत्र घोषणा गर्न सक्छु भनेर ठोस नीति आउनुपर्छ । यो क्षेत्रलाई औद्योगिक क्षेत्र घोषणा गर्छु भनेर ठोस नीति ल्याउनुपर्छ । प्रदेश सरकारमा रहेका स्वास्थ्यहरुको कुन स्वास्थ्यलाई पहिलो प्राथमिकता दिएर कुन स्वास्थ्यलाई पछिल्लो बजेटमा प्राथमिकता दिने भन्ने पनि नीति तथा कार्यक्रममा आउन पाएको भए हुन्थ्यो महाकाली र सेती हस्पीटलको कुरा गर्दै गर्दा बयलपाटा हस्पीटललाई पनि अछाम र बाजुराका जनताहरुको त्यहा उपचार गर्ने र आपत विपद्मा त्यो हस्पीटलले अहिले जनताहरुलाई सुरक्षा दिइरहेको अवस्थामा त्यो हस्पीटलको कुरा पनि यहा नीति तथा कार्यक्रममा ल्याईदिएको भए राम्रो हुन्थ्योहोला त्यसैले धेरै कुरा भन्नु भन्दा धेरै कुरा कागजमा सिमित गर्नुभन्दा पनि कार्यान्वयनको पाटो र कार्यान्वयन हामी कसरी लैजान्छु भन्ने कुरा महत्वपूर्ण कुरा हो अब प्रदेश सरकारका विगतका गतिविधि देखेर प्रदेशका जनताहरु धेरै निराश भैसकेका छन् अब त्यो निराश हुने बाताबरण प्रदेश सरकारले नगरोस भन्ने पनि म आफ्नो भनाई राख्न चाहान्छु । त्यसैले अब हामीले प्रदेश सरकारका जनता प्रदेश भित्रका जनताहरुलाई ठिक ठाउमा र प्रदेशका पछाडि परेका महिला, दलित जस्ता बालबालिकाका लागि ठोस नीति ल्याउन आवश्यक छ । अन्तमा मलाई भन्न मन लाग्यो धेरै कुरा उठि सकेको पनि छ । यो समावेशिताका कुरा गर्दै गर्दा हामीले यो नीति तथा कार्यक्रममा पनि ल्याएका छौ । २६ नं. बुदामा छ समावेशिताका कुरा गर्दै गर्दा यो प्रदेश सरकारका माननीयहरुलाई पनि हामीले यो समावेशिताको नियम लागु गरेका छौ कि छैनौ प्रदेश सरकारले बुझ्न जरुरी छ अब प्रदेश सरकार भित्र रहेका माननीयहरुलाई भेदभावको भावना यो सरकारले राख्नेछैन भन्ने कुरा म राख्न चाहान्छु हवस त धन्यवाद नमस्ते ।

माननीय सदस्यहरु अबको बाँकी कारवाही माननीय उपसभामुखज्यूले संचालन गर्नुहुने व्यहोरा जानकारी गराउँछु ।

**पिठाधिश माननीय उपसभामुख निर्मला बडाल जोशी**

**माननीय कुलवीर चौधरी :-** माननीय सभामुखज्यू आर्थिक बर्ष २०७६।०७७ को नीति तथा कार्यक्रमको छलफलको क्रममा हामी प्रदेश सभा सामु हामी उभिएका छौ र यो नीति तथा कार्यक्रम यो सुदूरपश्चिम प्रदेशको सम्पूर्ण भौगोलिक अवस्थालाई मध्यनजर गर्दै र यहाका बसोबासको अवस्था र यहाका समस्याहरु विभिन्न जातजातिका समस्याहरु र विभिन्न अवस्थामा आफ्ना जीवनयापन गर्दै आएका व्यक्तिहरुको र यहाका आवश्यकताको विषयलाई सम्पूर्ण समेट्दै यस नीति तथा कार्यक्रममा

समावेश गरिएको छ । जलस्रोत, पर्यटन, जडिबुटि, उद्योग समस्थ क्षेत्रलाई यो समस्या सम्भावना बोकेको क्षेत्र भएको हुनाले यसको व्यवस्थापन गर्न सकेमा यो समृद्ध र सुखि प्रदेश हुने थियो भन्ने एउटा दिगदर्शन संकल्प पनि गरिएको छ । त्यसो भएको हुनाले यसका साथ साथै स्वास्थ्य क्षेत्रमा उचित व्यवस्थापन सुविधासम्पन्न बनाउने जुन नीति र कार्यक्रम लिएको छ यसमा पनि एकदमै स्वागतयोग्य नै छ शिक्षा गुणस्तरिय शिक्षा, प्राविधिक शिक्षा र एउटा रोजगारीमुलक शिक्षाको व्यवस्थापन र यसलाई अगाडि बढाउने जुन नीति लक्ष्य लिएको छ त्यसमा पनि यो प्रदेश सरकारलाई धन्यवाद र स्वागत दिन चाहान्छु । त्यसैगरि यो हाम्रो जुन निराक्षर भएका व्यक्तिहरुलाई ३ बर्ष भित्र यो प्रदेश सरकार भित्र रहेका सम्पूर्ण निराक्षरहरु साक्षर हुन भन्ने जुन नीति लिएको छ त्यसमा पनि एकदमै राम्रो रहेको छ र यो लामो समय देखि जुन हलिया, कमैया, सुकुम्बासी, कमलरीहरुको जुन व्यवस्थापन गर्नुपर्ने एकदमै लामो समय देखि यसको कुनै किसिमको उ नभएको कारणले गर्दाखेरि यिनिहरुले जुन भोग्दै आएका समस्याहरु यिनिहरुले पाउन सकुन र यसबाट यसमा यो कार्यक्रम एकदमै जोडदारका साथ सरकारले लागु गर्नुपर्ने देखिन्छ र खासगरिकन हामी विभिन्न तालिम अथवा सिप आयमुलक व्यवसायमुलक र आफ्ना जीविकोपार्जनको लागि हामी विभिन्न तालिमहरु दिन्छौ यो स्थानीयतहबाट होस या कुनै संघ संस्थाबाट होस चाहे प्रदेश सरकारबाट पनि यो विभिन्न ठाउमा व्यवस्था गरिएको छ र खास गरिकन भन्नु पर्दाखेरि यो तालिम खास उपलब्धीमुलक देखिएको छैन त्यस कारणले उपलब्धीमुलक तालिमको लागि नीति कार्यक्रममा समावेश गर्नुपर्छ भन्ने मैले सभामुख मार्फत यहा सुझाव दिन चाहान्छु । खासगरिकन यो तालिमको व्यवस्था गर्दाखेरि तालिममात्र दिने र एउटा यो भत्ताको व्यवस्था पनि केहि तालिममा भत्ताको पनि व्यवस्था भएको कारणले गर्दा खेरि त्यो भत्ताको लोभमा एकचोटि तालिममा प्रवेश गरिसकेको मान्छे फेरी पुनः तालिम आउदाखेरि त्यहि मान्छे समावेश हुने त्यसो भएको हुनाले त्यो तालिमबाट उसले सिकेको सीप आफै खुट्टामा उभिन सकोस र आफ्ना केहि आय आर्जनको उत्पादन गर्न सकोस भन्नी हिसाबले जस्तो कि भत्ताको लोभमा जति उपस्थित भएका हुन्छन जति सहभागि हुन्छन तिनिहरु खाली भत्ताको लागि मात्र त्यहा सिप सिक्न जाने भन्ने उ देखिएको हुनाले तिनिहरुलाई सीप सिकिसकेपछि उनिहरुले कुन किसिमको सीप सिकेका छन् त्यहि किसिमका उपकरणहरु उनिहरुले प्राप्त गर्ने । जस्तो अहिले प्रदेश सरकारले जुन हाते कडाई, सिलाई बुनाई, हाते होजरी, सिकर्मी, डकर्मी विभिन्न ठाउमा संचालन गरिरहेको छ र त्यो तालिममा चाहि भत्ताको व्यवस्था र नास्ताको व्यवस्था पनि भएको हुनाले एक व्यक्तिमा लगभग १२, १३ हजार रुपैया खर्च एक महिनाको १२,१३ हजार रुपैया खर्च भएको कारणले गर्दाखेरि उनिहरुलाई सीप सिके बापत तालिम लिए बापत उनिहरुलाई त्यहि अनुसारको उपकरण उपलब्ध गराउने खालको नीति तथा कार्यक्रममा आवस भन्ने मैले सुझाव दिन चाहान्छु र यो खास गरिकन हामी गरिब परिवार जस्तो दलित, हलिया कमैया, विपन्न वर्ग, वादी, राउटे विभिन्न जातिका मान्छेहरु छन् त्यो खास गरिकन यस्ता किसिमका कार्यक्रमहरु त्यस क्षेत्रमा विशेष गरि लागु हुने नीति र कार्यक्रममा आवस भन्ने भनाई राख्न चाहान्छु र जुन यो एउटा थारु जातिको लागि उनिहरुको राम्रो खालको उनिहरुको जीवनस्तर माथि उकास्नको लागि जुन कार्यक्रममा जुन नीति तथा कार्यक्रममा ल्याइएको छ त्यसमा एकदमै स्वागतयोग्य छ र अघि नै पूर्ववक्ता माननीयज्यूले पनि भनिसक्नु भएको छ यो सिकलसेल एनिमिया भनेको थारु जातिलाई मात्र लाग्ने रोगहो भन्ने जुन भनाई छ यसको लागि हामी मिश्रीत बसोबास भएको कारणले गर्दा खेरि विभिन्न जातिका मान्छे एउटै समुदाय, एउटै क्षेत्रमा बस्ने भएको हुनाले यो थारु जातिलाई मात्र नभई कन विगत पोर साल बेलौरी क्षेत्रबाट सिकलसेल एनिमिया ग्रसित व्यक्तिहरुलाई यहा सहभागि गराउदा खेरि अन्य जातिलाई पनि यहा सिकलसेल

एनिमिया देखियो भन्ने कुरा थाहा हुन आएकोले यो सिकलसेल एनिमिया निदानको लागि विशेष रुपमा पहल गरोस भन्ने माग राख्दै आफ्ना भनाई यहि टुङ्ग्याउँछु धन्यवाद ।

**माननीय कुमारी नन्दा बम :-** सभामुख महोदय आज दुईतिन दिन देखि हामी ०७६।०७७ को नीति तथा कार्यक्रममा छलफल गरिरहेका छौ । आजको ठिक एक बर्ष अगाडि हामी ०७५।०७६ को नीति तथा कार्यक्रममा छलफल गरिरहेका थियौ । आज हामीलाई ०७५।०७६ को याद आउछ । ०७५।०७६ मा आएको नीति तथा कार्यक्रमहरु कति हामीले समेट्न सक्यौ, कति हामीले कार्यान्वयन गर्न सक्यौ राम्रो ढंगबाट समिक्षा हुन सकेको छैन । सभामुख महोदय, मैले भन्न खोजेको गत बर्षको बजेट जुन बुदा नं.२९ मा ३९ मा भनिएको छ चालु खर्च मितव्यायिता अपनाइने छ । पुजीगत खर्चमा वृद्धि गरिनेछ । गत बर्ष कुल बजेट २५ अरब ६ करोड ५६ लाख कुन बजेटको खर्च ५ अरब ५५ करोड ९५ लाख अर्थात प्रशेन्टमा भन्नु पर्दा चालु तर्फ २६ प्रशेन्ट पुजीगत तर्फ १९ प्रशेन्ट यो जेष्ठ महिना सम्मको डेटाले बताउछ । त्यसर्थ यो सबै हाम्रो समिक्षामा आउनुपर्दथ्यो । जुन मुलुकमा पुजीगत खर्च खर्चै गर्न सकिदैन त्यो मुलुकका नागरिकहरुले के अपेक्षा गर्न सक्छन् । पुजीगत खर्चले फट्को मार्नु पर्दथ्यो र चालु खर्च यथास्थितिमा रहनुपर्दथ्यो यस कारण काहि आगामी बर्षमा पनि यस्तै गरेर पुजीगत खर्चले गङगटोको तालबाट जाने त होईन भन्ने हामीलाई संका उपसंका लागि रहेको छ । सभामुख महोदय, यस्तै गरेर बुदा नं.३६ ले भन्छ अबको बजेट आवश्यकताको आधारमा भौगोलिक विकटताको आधारमा, समानुपातिक समावेशिको आधारमा के गत बर्ष समानुपातिक, समावेशिको आधारमा थिएन ? हामीलाई गत बर्षको तितो यथार्थ हामी सम्झीन चाहान्छौ । गत बर्षका समानुपातिक समावेशिका सिद्धान्तबाट आएका प्रदेश सभा सदस्यहरुलाई जुन प्रकारको विभेद गरिएको थियो यस्तै दोहोरिने त होईन यस कारण के समानुपातिक समावेशि शब्द नीति तथा कार्यक्रममा राख्नु हुदैन यदि नीति तथा कार्यक्रममा यस्ता शब्द उल्लेख हुन्छन भने देखि कार्यान्वयन पक्षमा पनि जानुपर्छ । यस नीति तथा कार्यक्रमले स्पष्ट सँग न महिलाको पक्षमा नै लेखेको छ न दलितको, न जनजातिको, न आदिवासी, राजी, राउटे, वादी समुदायको यस कारणले अर्को तेस्रो लिङ्गीको त नाम निसानै छैन । सुदूरपश्चिम प्रदेशमा पनि तेस्रो लिङ्गीको ठुलो समुदाय छ यस्तै गरेर अपांङ्गहरुको पक्षमा पनि खासै केहि बोलेको देखिदेन । ६० हजार अपाङ्गहरु सुदूरपश्चिममा रहेका छन् । यसको उसमा खासै पनि केहि देखिन आएको छैन सभामुख महोदय, गत बर्षको नीति तथा कार्यक्रममा वृद्धाश्रमको ठुलठुला कुराहरु आएका थिए यसपालि पनि भनिएको छ । वृद्धाश्रम स्थापना गर्ने, वृद्ध दिवा सेवा पनि स्थापना गर्ने भनेको र कहा भयो यि ती वृद्धाश्रम सेवा स्थापना कुन जिल्लामा भए, कुन पालिकामा भए अर्थात कुन वडामा भए त्यसको जानकारी अर्थात यथेष्ट समिक्षा पनि हुनु पर्दथ्यो । अर्को महत्वपूर्ण नारा ल्याएको छ एक व्यक्ति एक खाता भनेर सर्व प्रथम म के भन्न चाहान्छौ भने हामी उदाहरणको लागि सुदूरपश्चिमका ९ वटा जिल्लाहरुमा कुन व्यक्तिले कहा खाता खोल्यो भन्नु भन्दा पनि यस गरिमामय सदनमा रहेका चाहे पदाधिकारी हुन, चाहे त्यो माननीय सदस्य हुन हामी आफैले आफु सँग जोडिएका स्वकिय सचिवहरुका खाता कहिले खोलेका थियौ । जब मिडियामा आयो, जब भित्रबाट बाहिर आयो तब हामी खोल्न सफल भयौ हामी ठुल ठुला कुरा गरेर मात्र हुनेवाला केहि पनि छैन त्यस कारणले हामी नीति भन्दा पनि आफ्नो नीयतलाई परिवर्तन गर्ने कि नगर्ने ? नीति प्रदान हुन्छ तर नियतिले घुमाईरहेको हुन्छ यो नियतीलाई हामीले परिवर्तन गर्नुपर्छ । सभामुख महोदय, कृषिमा निकै राम्रा नाराहरु आएका छौ । मौसम सुहाउदो खेति, माटो सुहाउदो उत्पादन उत्पादन सुहाउदो बजार सुन्दा खेरि असाध्ययि राम्रो नारा आएको छ । गत बर्ष हामीले यो नारालाई कार्यान्वयनमा ल्याउन सक्यौ कि सकेनौ म एउटा मेरो जिल्लाको मात्रै उदाहरण भन्न चाहान्छु । बास्तवमा भन्नु पर्दा दार्चुलामा कृषिको केहि पनि गरेन भनेपनि फरक पर्दैन त्यो कहा थियो कृषि हामी

भन्दैछौ । कृषिबाट समृद्ध हुन्छ नेपाल हामी कृषिका परिकल्पना गर्छौ र कृषिमा ठिक छ १३ हजार घरपरिवारलाई फलफुल वितरण गरियो सुरुवाद त्यहाबाट गरियो तर जुन प्रत्येक घरपरिवारलाई ५ फलफुलको बोट नीतिगत बर्ष आएको थियो यदि हामी गर्न सक्दैनौ भने देखिन यस्ता नीतिहरु हामीले राख्न आवश्यक छ कि छैन सभामुख महोदय, सु.प. विश्वविद्यालयका कुराहरु आईरहेका छन् । सु.प. विश्वविद्यालय लामो समय देखि तालाबन्दी गरेको छ । त्यो सु.प. विश्वविद्यालयको ताला कसले खोल्ने हो त्यो सरकारको परिधि भित्र आउछ कि आउदैन यहा भन्ने गरिन्छ कतिपय साथिहरुले सभामुख महोदय, प्रतिपक्षको गाली गर्ने जिम्मा दिइएको छ ठिक यो प्रतिपक्षलाई त जनताले दिएको म्यान्डेट त्यो हामी स्वीकार्न तयार छौ तर यो १९ प्रशेन्ट मात्रै चालु खर्चलाई वृद्धि कस्ले गर्ने हो सु.प. विश्वविद्यालयको ताला खोल्ने जिम्मेवारी कस्को हो ? यसमा स्पिष्ट सँग यो सदनमा समिक्षा हुन जरुरी थियो । समिक्षामा आएको त केहि नीतिगत भा का छन् न भा को होईन र ३ वटा पक्की पुल र २ वटा झुलुङ्गे पुल, ५२ किलोमिटर सडकहरुमा ग्रावेल भनिएको छ हाम्रो उपलब्धी यहि हो यदि यहि तरिकाले उपलब्धिमा जाने हो भनेदेखिन हामी परिकल्पना नगरौ, समृद्ध नेपाल सुखि नेपालीको यस कारण आगामी बर्षमा पनि यस्तो नहोस भन्ने म सरकारलाई ध्यानाकर्षण गर्न चाहान्छु धन्यवाद ।

**माननीय अमर बहादुर साउँद :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सभाको चौथो अधिवेशनको दशौ बैठकमा माननीय प्रदेश प्रमुखज्यूबाट जुन आर्थिक बर्ष २०७६।०७७ का लागि नीति तथा कार्यक्रम जुन हाम्रो सम्मानीत सदनमा प्रस्तुत भयो प्रदेश सरकारको तर्फबाट यसका लागि सर्वप्रथम म माननीय प्रदेश प्रमुख लगायत हाम्रो प्रदेश सरकारलाई धन्यवाद तथा त्यो नीति तथा कार्यक्रमको समर्थन र स्वागत गर्न चाहान्छु । माननीय सभामुख महोदय, मैले यो नीति तथा कार्यक्रमलाई समर्थन तथा स्वागत गरिरहदा यसमा भएका केहि सरकारका राम्रा र स्वागतयोग्य आगामी आर्थिक बर्षमा जुन नीति तथा कार्यक्रम ल्याईएको छ त्यो आधारमा मैले यसको समर्थन गर्न चाहेको हो त्यसैले ती स्वागतयोग्य र समर्थन गर्न योग्य बुदाहरु म यो सम्मानीत सदनमा प्रस्तुत गर्न चाहान्छु । विशेष गरि यो नीति तथा कार्यक्रममा विगतमा रहेका कमीकमजोरीलाई सुधार गर्दै समानुपातिक ढंगले आवश्यकता र औचित्यका आधारमा यो नीति तथा कार्यक्रम अथवा बजेट आउने कुरा जुन उल्लेख गरेको छ शुरुमै यो कारणले पक्कै पनि हामी आशावादी छौ यो नीति तथा कार्यक्रम एकदम राम्रो र अझै यो सम्पूर्ण सदनले आत्मसाथ गर्ने गरि आउने हामी अपेक्षा गर्न चाहान्छु । त्यसै गरि यो नीति तथा कार्यक्रममा थुप्रै प्रदेशका योजना आयोग लगानीबोर्ड, थुप्रै प्रतिव्यक्ति आय वृद्धि गर्ने, सरकारको आर्थिक अनुशासन र सार्वजनिक खर्चमा प्रभावकारी ल्याउने खालका विषयबस्तु पनि समेटिएका छन् । त्यसै गरि यो प्रदेश भित्र रहेका उच्चतम बहु प्रयोग गर्ने खालको नीति तथा कार्यक्रम आएको छ । त्यस्तै गरि राज्यले घोषणा गरेका मुक्तकमैया, हलिया, सुकुमबासि, कमलरी, भूमिहिन लगायत अल्प संख्यक पिछडावर्ग, महिला, जनजाति सबैको लागि विशेष कार्यक्रम ल्याउने खालको कुरा गरिएको छ त्यो विषय त्यो कारणले गर्दा पनि यो नीति तथा कार्यक्रम मेरो विचारमा राम्रो छ र यसको समर्थन गर्न मैले चाहेको । त्यसैगरि समाजमा विद्यमान विकृटि, विसंगति र कुप्रथाहरुलाई अन्त्य अथवा न्यूनिकरण गर्नका लागि सचेतनामुलक कार्यक्रम पनि यो नीति तथा कार्यक्रममा उल्लेख भएको छ र शिक्षा स्वास्थ्य, खेलकुद, कृषि र पर्यटनको क्षेत्रमा महत्का साथ यो नीति तथा कार्यक्रमले समेटिएको छ । त्यो आधारमा म यो सरकारको नीति तथा कार्यक्रमलाई स्वागत गर्न समर्थन गर्न चाहान्छु । माननीय सभामुख महोदय त्यसैगरि यो नीति तथा कार्यक्रममा १ घर एक प्राविधिक तालिम, नमुना कृषि गाउँ, एक जिल्ला एक नमुनागाउँ, एक स्थानीय तह एउटा उत्पादन, एउटा क्षेत्र एउटा खेलमैदान, एउटा निर्वाचन क्षेत्र एउटा एम्बुलेन्स, दलित, जेहेनदार तथा अन्य सिमान्तकृत बर्गका छात्रहरुलाई छात्रवृद्धिका कार्यक्रम जस्ता थुप्रै विषयबस्तु यो नीति तथा

कार्यक्रमले समेटेको जस्तो मलाई अनुभुति भा को छ । त्यसैले पनि यो कार्यक्रम अत्यन्त राम्रो छ र स्वागतयोग्य छ भन्न म चाहान्छु । त्यसैगरि कुनै पनि नीति तथा कार्यक्रम अथवा कुनै पनि व्यक्ति, सरकार अथवा कुनै संघ संस्था पूर्ण त कहिल्यै हुन सक्दैन तै पनि यो नीति तथा कार्यक्रम हन्ड्रेड प्रशेन्ट अथवा शौ का शौ प्रतिशत राम्रो नहुन सक्छ सबैका विचारमा त्यो व्यक्तिको मुल्यांकन गर्ने दृष्टिकोणले पनि प्रभाव पार्न सक्छ तर पनि यो नीति तथा कार्यक्रममा केहि विषयबस्तु छुटेका जस्तो मेरो अनुभुतिले भन्छ ती कुराहरु जस्तै त्यो सुझावको रुपमा म प्रदेश सरकारलाई के राख्न चाहान्छु भने यो नीति तथा कार्यक्रममा टुहुरा, असाहाय, अनाथ बालबालिकाहरुलाई हामीले समेटेको जस्तो लाग्दैन त्यसैगरि अपाङ्ग लगायत केहि वर्ग अथवा त्यो सृमान्तकृत वर्गलाई पनि यो नीति तथा कार्यक्रमले समेट्न सकेको छैन । म सुझाव दिन चाहान्छु यि विषयमा हाम्रो सरकारले पनि अहिले अनुगमन गरोस, कार्यक्रमले समेटोस अथवा नीति तथा कार्यक्रमले समेट्न नसकेपनि बजेटले समेटोस भन्ने म सुझाव दिन चाहान्छु । त्यसैगरि मैले बारम्बार यो सदनमा अथवा औपचारिक कार्यक्रममा मैले एउटा बोल्ने गरेको छु र सरकारलाई सुझाव दिन चाहेको छु । हाम्रो प्रदेश र सुदूरपश्चिम प्रदेश सरकारको पहिचान हामीले बनाउन सकेनौ र अझै पनि हामीले पर्यत्न गरौ यहि नीति तथा कार्यक्रममा यहि ०७६।०७७ को बजेटमा हाम्रो प्रदेशको चिनारी हाम्रो प्रदेशको एउटा ब्राण्ड के हुन सक्छ अझै पनि हामी यहा थुप्रै जंगल, जमिन, उर्भर भुमि लगायत पर्यटन क्षेत्र थुप्रै सम्भावना भएका प्राकृतिक स्रोत साधनहरु हामी सँग यो प्रदेशमा विद्यमान छन् ती भएका हामी सँग उपलब्ध भएका स्रोत साधनहरुलाई कुन चिजलाई प्राथमिकतामा राखेर हामीले यो प्रदेशको चिनारी यो प्रदेशको समृद्धिलाई कुन चिजले सबै भन्दा जनताले अनुभुति पाउने गरि जोड्न सक्छौं यि विषयमा गम्भिर ढंगले अझै पनि हाम्रो प्रदेश सरकारले समिक्षा गरोस र अझै पनि ति कुराहरुलाई समेटोस भन्ने मेरो बारम्बारको जुन सुझाव र मेरो एउटा अपेक्षा छ यो कुरालाई हाम्रो प्रदेश सरकारले समेटोस भन्ने म चाहान्छु । त्यसैगरि अर्को महत्वपूर्ण विषय हामीले बारम्बार सुन्ने गरेका छौ मिडिया मार्फत अथवा हामीले भोगेका छौ यो प्रदेशको डेड खर्बको चामल मात्रै विदेशबाट आयात हुन्छ यसका लागि मैले बारम्बार अघिल्लो अधिवेशनमा पनि अघिल्लो आर्थिक बर्षको नीति तथा कार्यक्रम, बजेटमा पनि मैले भनेको छु हामीले कम्तीमा पनि त्यो चामल मसिनो चामल आयात हुन्छ बढी सब भन्दा बढी त्यसैले यो हाम्रो कैलाली, कंचनपुर एउटा उर्भर भुमि यहा नेपालकै अन्न भण्डारको रुपमा चिनिएको यो कैलाली र कंचनपुरमा कसरी हामीले मसिनो धानलाई यहा मसिनो धानको उत्पादनलाई वृद्धि गरेर त्यो ईण्डियाको जुन आयातीत चामललाई हामी घटाउन सक्छौ अथवा त्यो उ गर्न सक्छौ यसमा विशेष कार्यक्रम समेटिनु पर्छ भन्ने मेरो एउटा सुझाव त त्यसै गरि हामीले यो अर्को जुन ईण्डियाबाट आउने सागशब्जि र फलफुल जो कंचनपुर र कैलालीको भन्सारबाट आउछ यसलाई क्वारेनटाईन चेकपोष्टलाई अलिकति व्यवस्थित र अझै प्रदेश सरकारले पनि त्यसलाई थप लगानी गरेर ती सडेगलेका र विषादीयुक्त जुन फलफुल र तरकारी जुन दिनहु अरबौको हिसाबले जुन आयात गरिरहेको छ हाम्रो सरकारले यसलाई न्यूनिकरण गर्नका लागि प्रदेश सरकारले विशेष योजना र भूमिका खेल्नुपर्छ यो नीति तथा कार्यक्रमले अझै त्यतातिर ध्यानदिनुपर्छ भन्ने मेरो सुझाव राख्दै म केहि आफ्ना भनाई राख्दै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय दुर्गा कुमारी कामी :-** माननीय सभामुख महोदय, प्रदेश सरकारको मिति २०७६।०७७ को बजेट यो गरिमामय सभामा माननीय प्रदेश प्रमुखले प्रस्तुत गर्नुभको छ । अत्यन्तै मेहनतका साथ यो सरकारले विभिन्न समुह, विभिन्न निकायसँग छलफल गरेर सुझावहरुलाई संकलन गरेर यो नीति तथा कार्यक्रमले साच्चिकै जनमुखि हितका लागि ल्याएको मैले महसुस गरेको छु र यो कार्यक्रम अत्यन्तै महत्वपूर्ण र अत्यन्तै सान्दर्भिक छ, जनमुखि छ यो नीति तथा कार्यक्रमको म स्वागत गर्न चाहान्छु र

माननीय सभामुख महोदय, मार्फत प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय, यो नीति तथा कार्यक्रम पढ्दै गर्दा खेरि यो सबै बुदा पढ्नु भन्दा पनि मलाई सबै भन्दा ठुलो हत लागेको बुदा भनेको बुदा नं.३६ मा छ धेरै जसो माननीयज्यूले पनि यसमा कुरा गर्नुभाको छ । सरकारसँग उपलब्ध भएको वृत्तिय स्रोत यो समानुपातिक ढंगबाट भुगोललाई आधार मानेर भुगोलका यो प्रदेशका जनसंख्यालाई आधार मानेर यो अत्यन्तै महत्वपूर्ण शब्द यहा ल्याउनु भा को छ म यसलाई अत्यन्तै हृदयका साथ म स्वागत गर्न चाहान्छु तर माननीय सभामुख महोदय, म स्मरण गर्न चाहान्छु । समानुपातिक प्रणाली भनेका छौ समानुपातिक वितरण भनेका छौ भुगोल, क्षेत्र, विकटतालाई आधार मान्ने भनेर हामीले नीतिमा अत्यन्तै मिठो तरिकाबाट लेखेका छौ अत्यन्तै आश लागेको छ तर हिजोको दिनमा हाम्रा नियतले हामी जनताको जनप्रतिनिधिले नै गरेको विभेद सम्झिदा खेरि रुनु परेको छ त्यस्तो कुराहरु चाहि नहोस नियतमा गडबडी नहोस भन्ने कुरा चाहि म भन्न चाहान्छु माननीय सभामुख महोदय, असाध्य राम्रो छ शिक्षाको क्षेत्रमा पनि धेरै राम्रा कुराहरु आएका छन् । हामीले पछाडि पारिएको वर्ग, समुदाय, दलित समुदाय, जनजाति, विपन्न वर्गका बालबालिकाहरुलाई छात्रवृत्तिको कार्यक्रम पनि सरकारले ल्याएको छ माननीय सभामुख महोदय, गतसाल पनि यो कुराहरु ल्याएको थियो त्यसको परिणाम कति आएको छ त्यसलाई पनि हामीले समिक्षा गर्नु जरुरी छ र त्यसलाई पनि यो छात्रवृत्तिको कुराहरु मात्र होईन प्राविधिक शिक्षा पढाउने र ती उत्पादन गरेका जनशक्तिलाई चाहि हामीले रोजगारीमा लगाउने र सरकारको लोकसेवा आयोगको तयारी गरेर ती जनशक्तिहरु काम लागुन भन्ने नीति सरकारले लिनु पर्छ । मलाई त्यो कुराहरु लागेको छ । स्वरोजगारको कुराहरु हामीले गरेका छौ यसमा तालिम दिने भन्ने खालको कुराहरु आएको छ । हामीले जनशक्तिहरु उत्पादन गर्ने र उत्पादन गरेको जनशक्तिलाई स्वदेशमै रोजगारी लगाउने कुराहरुलाई चाहि प्रमुख ठान्नुपर्छ भन्ने कुराहरु चाहि म राख्न चाहान्छु । त्यसको साथ साथै यो कर्मचारीहरुको कर्मचारीलाई काम प्रति थप उत्प्रेरित गर्नको लागि कार्यसम्पादन प्रभावकारी मुल्यांकन चाहि गर्नु भा को छ म यसमा केहि कुरा चाहि थप्न चाहान्छु । सुझाव दिन चाहान्छु । कार्य सम्पादनको आधारमा मुल्यांकन गरेर उनिहरुलाई प्रोत्साहन गर्नुपर्छ यो कुराहरु चाहि किन भने २४ घण्टा खटेर उपलब्धी ल्याउने कर्मचारी र हजुर यो कर्मचारीको कोटा समेत पुरा भएको छैन म काम गर्न सक्दैन भन्ने कर्मचारीको एउटै खालको मुल्यांकन हुनुहुदैन त्यसो भएको कारणले गर्दा उनिहरुलाई प्रोत्साहन गर्नुपर्छ र हाम्रो सरकारले ल्याएको नीति र यो कार्यान्वयन गर्ने पक्षमा चाहि हामीले प्रभावकारी कार्यान्वयन गरेनौ भने हामीले खोजेको उपलब्धि हासिल गर्न सक्दैनौ । माननीय सभामुख महोदय, बुदा नं. ६१ ले पनि धेरै राम्रो कुराहरु ल्याएको छ, ५६ ले पनि धेरै राम्रो कुराहरु ल्याएको छ यो राम्रा कुराहरुलाई चाहि मैले एकदमै धेरै समर्थन गरेको छ । नराम्रा बुदाहरु त यसमा छैनन तर पनि केहि केहि बुदाहरुमा केहि केहि कुराहरु चाहि अझै सुझावको रुपमा थप्न चाहान्छु । बुदा नं.६८ मा धेरै राम्रो कुराहरु चाहि आको छ यो हलिया सबै भन्दा ठुलो समस्याको रुपमा रहेको हाम्रो प्रदेशमा मुक्तकमैया, हलिया, सुकुम्बासि, कमलरी लगायतका कुराहरु चाहि यहा राख्नु भा को छ मैले यसमा के थप्न चाहान्छु भने बर्गिकरण गरेका उहाहरुलाई चाहि राख्नु भा को छ व्यवस्थापन गर्ने भन्ने कुरा भन्नु भा को छ तर वर्गिकरण नभएका पनि छन् कतिपय छुटेका पनि छन् त्यसलाई प्रदेश सरकारले यो वर्गिकरण गरेर यिनिहरुलाई चाहि व्यवस्थापन गर्ने कुराहरु पुर्नरस्थापना गर्ने कुराहरु चाहि मुक्तहलियाहरुको पुर्नस्थापन गर्ने कुरा चाहि महत्वपूर्ण कुरा छ यसमा पनि यो समावेश गरियोस भन्न चाहान्छु । सबै प्रकारका विभेदको अन्त्य गर्ने भन्ने चाहि सरकारले नीति लिएको छ । माननीय सभामुख महोदय, अघि पनि पूर्ववक्ता माननीयज्यूले भनिराख्नु भा को छ यो हाम्रो प्रदेश सरकारमा राजधानी जस्तो ठाउमा नीति निर्माण गर्ने एउटा गरिमामय पदमा आएको माननीयहरुले चाहि कोठा

पाईराखेको अवस्था छैन भने ती दलित बालबालिकाहरुले यहा अध्ययन गर्न आउदा खेरि सडकमा भौतारि राखेको कुराहरु चाहि हामीले सुन्न पाएका छौ । हामीले त्यस्ता खालका बनाएका छौ । त्यसो भएर त्यो कारणले गर्दा यो जातिय छुवाछुत र महिला हिंसालाई अन्त्य गर्ने खालको नीति प्रदेश सरकारले चाहि लिनुपर्छ र ति बालबालिकाहरुलाई चाहि दलित बालबालिकाहरुलाई केहि समयको लागि उहाहरुले व्यवस्थापन हुन नसकुन्जेल सम्मको एउटा छत्रवासको चाहि स्थापना गर्ने नीति सरकारले चाहि ल्याउछ भन्ने मलाई म राख्न चाहान्छु । यसको साथ साथै सबै प्रकाशका विभेद अन्त्य गर्ने भन्ने कुराहरु चाहि सरकारले ल्याएको छ माननीय सभामुख महोदय म स्मरण गराउन चाहान्छु । नेपाल सरकारले नै जातिय छुवाछुतमुक्त राष्ट्र नै घोषणा गरिसकेको अवस्था छ तर छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको दिन जेष्ठ २१ लाई सरकारले आफ्नो कार्यक्रम भित्र राख्न सक्दैन, त्यो दिवस चाहि सरकारले मनाउन सक्दैन जसरी हामी संविधान दिवस मनाउदै छौ हामी गणतन्त्र दिवस सरकारको तर्फबाट मनाउदै छौ भने त्यो सरकारले घोषणा गरेको जातिय छुवाछुत राष्ट्र घोषणा गरेको त्यो दिनलाई चाहि सरकारले मनाउन सकेको छैन । महिला हिंसाका सम्बन्धी थुप्रै कानूनहरु बनिसकेका छन् । वहुविवाहका थुप्रै कानूनहरु बनिसकेकाछन्, छाउपडि प्रथाको कानून आइसकेको छ तर महिला हिंसा अन्त्य गर्ने अभियान चाहि सरकारले ल्याउन सकेको अवस्था छैन यसलाई संकल्पकै रुपमा सरकारले चाहि अन्त्य गर्ने हिसाबले लिनुपर्छ भन्ने कुरा राख्न चाहान्छु । माननीय सभामुख महोदय यो बालशिक्षाका शिक्षकहरुलाई प्रोत्साहनको कुराहरु गर्नु भा छ विद्यालयका परिचरहरुलाई प्रोत्साहन भत्ताको कुरा गर्नु भा छ त्यसको साथ साथै मलाई महिला स्वास्थ्य स्वयंसेविका लाई पनि प्रोत्साहन भत्ताको अथवा पोरसाल हामीले जुन ल्याएको थियो त्यसलाई छुटाउनु हुदैन त्यो पनि यसमा चाहि समावेश गर्नुपर्छ भन्ने कुराहरु राख्न चाहान्छु । अन्तमा माननीय सभामुख महोदय, नीति जतिसुकै राम्रो हुन्छ नियत त्यतिकै राम्रो भयो भने हामीले खोजेको सुखि नेपाली र समृद्ध नेपाल हासिल गर्न सक्छौ हामी जनताका जनप्रतिनिधी हौ हामीले एक आपसमा म म भनेर नै आफ्ना नीतिहरुलाई कार्यान्वयन गर्नको लागि आफ्ना नियतहरु पनि त्यो सँग सँगै लैजाउ भन्ने कुराहरु पनि राख्न चाहान्छु । धन्यवाद ।

**माननीय चुन कुमारी चौधरी :-** माननीय सभामुख महोदय, हाम्रो बार्षिक नीति तथा कार्यक्रमको बारेमा वृहत छलफलमा अहिले हामी छौ । सुदूरपश्चिम प्रदेश सरकारले अत्यन्तै मेहनतका साथ सुदूरपश्चिमका सबै नछुट्ने गरि उहाले समेटेर जहासम्म लाग्छ २११ बुदामा चाहि यतिधेरै नीति तथा कार्यक्रम ल्याउनुभाछ । सुदूरपश्चिम प्रदेशलाई बधाई तथा धन्यवाद दिन चाहान्छु । यो सुदूरपश्चिम प्रदेशको विगतको समिक्षा सहितको यो नीति तथा कार्यक्रम छ माननीय सभामुख महोदय, यो कार्यक्रम अत्यन्तै रोचक छ यो जाति र विभिन्न वर्गलाई समेटेको देखिन्छ तर यति मात्रै हो यो कार्यान्वयन हुन्छ कि हुदैन के विगतको बर्ष जस्तै यसको विधि यसको प्रक्रिया अपनाउछ जस्तो कता कता डर पनि लाग्दो रहेछ । सुदूरपश्चिम प्रदेश सरकार यो विभिन्न कारणले संघीय सरकार सुदूरपश्चिमलाई सधै भरी हेपाहा चलन र कहिले सुदूरपश्चिमलाई अगाडि बढ्न नदेखेको, सुदूरपश्चिमलाई अहिले पनि हेर्दा संघीय सरकारको विभिन्न उहाको गतिविधि देखेर अहिले पनि प्रदेश सरकार हुदा हुदा पनि संघीय सरकारले केहि कुराहरु आफ्नै पनि हस्तक्षप गरेको देखिन्छ । लोकसेवा देखि लिएर विभिन्न कामहरु यो मलाई लाग्छ अहिले यो नयाँ धेरै कुराहरु चाहि यो नीति तथा कार्यक्रममा समेट्ने देखिन्छ । सुदूरपश्चिमका आम पहाडि क्षेत्रका बसाई सराई तिब्र रुपमा रोक्नका लागि अब सुदूरपश्चिम प्रदेशमा नीति तथा कार्यक्रममा त्यहाका जनतालाई रोक्ने खालको योजना बनाउनु पर्छ तर हामी सँग पहाडमा जोडिएका खप्तड छ त्यसलाई पनि हामी कन्जुस्याई गर्यौ कस्तो सुदूरपश्चिम यो सरकारले नीति नियम ल्याएको होला जस्तो लाग्छ । यो हामीले नै नीति नियम

बनाएका हौ कानूनमन्त्री यहि हुनुहुन्छ सुदूरपश्चिम जनताको आवश्यकता अनुसार कानून बन्यो कि यो कुन देशबाट आउछ त्यो पनि मलाई थाहा छैन । साहेद खप्तडलाई समेटेर व्यापक रुपमा बाहिर पर्यटकिय लाई यदि भित्राउछौ भने सुदूरपश्चिम बाहिर किन देश ईण्डियामा लठ्ठी ठोक्न डन्डा ठोक्न जानुपर्थ्यो हामी यस्ता योजनाहरु हामी चाहि आफैले छुटाइराछौ । किन संघीय सरकारलाई गाली गर्नु हामी पनि ५३ जना यहा पनि जिम्मेवार व्यक्ति छौ जनताको लागि त्यो खप्तडलाई रामारोशन तर यिनलाई हामी हाईलाईट गरेर पर्यटकिय एरिया यदि हाम्रो राम्रो व्यापक रुपमा हामी प्रचार प्रसार आफै गरेनौ भने कसले गरिदेला यो सबै पहिला यो नम्बरमा मैले देखे अछामको र यो हाम्रो खप्तड चाहि चारवटा जिल्ला जोडिएको खप्तड र बसाई सराई कारणले तिब्र रुपमा तराईमा खेतियोग्य जग्गाहरुलाई पनि सबै नष्ट गरेर अहिले घर निर्माण भैरहेको अवस्था छ । यो सुदूरपश्चिममा हामीहरुको ९ वटा जिल्ला कृषिले अहिले सम्म ईण्डियाबाट गाडिका गाडि चामल र गहु र एउटा लौका आलु सम्म हामी ईण्डियाबाट भित्राईराखेको अवस्था छ । नीति तथा कार्यक्रममा यस्तो व्यापक आउनुपर्थ्यो कि कृषिले सबै भन्दा खाद्य कृषि हामी आत्मनिर्भर बनाउन नसकेको अहिले सुदुरपश्चिम प्रदेश अब नीति तथा कार्यक्रममा यो एकदमै समेट्नै पर्ने देखिन्छ । समेटेर मात्रै हुदैन कार्यान्वयनतिर लग्नुपर्छ किन कि खाद्यान्न ईण्डियाबाट होईन अब सुदूरपश्चिम कैलाली, कंचनपुरलाई वृहत रुपमा विउविजन, मल र जल सिचाई तिब्र रुपमा उहाको कृषि उपकरणहरु सामाग्रीहरु चाहि हामी जनता र कृषकको आवश्यकता अनुसार नीति तथा कार्यक्रममा समेट्नुपर्छ तर त्यस्तै बजेट पनि विनियोजन गर्नुपर्छ मेरो चाहि मान्यता अर्को कुरा थारुहरुको यो विगतको बर्ष पनि थियो धेरै साथिहरुले उठाईसके सिकलसेल एनिमिया साहेद लाग्छ सुदूरपश्चिममा दुईवटा जिल्ला मात्रै थारु छौ यदि गैरथारुलाई सिकलसेल एनिमिया भए अहिले सम्म के के गरिसक्नु हुन्थ्यो तर अहिले सम्म राज्यलाई पटक पटक यहि कुरा सुनाउदा पनि साहेद साथिहरु हास्नुहुन्छ यसलाई खेलठट्टा र मजाकमा उडाउनु हुन्छ सभामुख महोदय १ लाख रुपैया दिन्छ १ लाख सरकारले लैजाउ जनतालाई बिमारी पिडित उसलाई आवश्यकता अनुसार चाहि उपचार गरिदिनु पर्छ र स्थानीय निकाय अनुसार उहाको उपचार स्थानीय निकाय हरेक नगरपालिकामा उपचार हुनुपर्छ । उहाको मेसिन द्धारा मेशिन छैन सरकारी हस्पिटलमा अहिले सेतीमा मेशिन ल्याएर पनि उहाको व्लडटेष्ट गर्नुपर्छ कति हामी सँग उहाहरु बिमारीहरु हुनुहुन्छ भनेर उसको लागि प्रदेश सरकारलाई ध्यानाकर्षण गराए आदणीय सभामुख महोदय, प्रदेशको राजधानी थुप्रै राम्रा काम पनि गरेका छौ तर हामी आफ्ना काम कारवाही पनि हामी प्रसंशा गर्न सकेका छैनौ किन कि यो सरकारको ढीलाई सुस्तीले गर्दा आउने बजेटमा केहि काम गर्नुपर्थ्यो डि.पि.आर. सम्म गर्नुपथ्यो मास्टरप्लान गरेर काम गर्नुपथ्यो एउटा गुरुयोजना बनाउनुपर्थ्यो तर एति दिन हुदा पनि प्रदेशको नाममात्रै नामाकरण गर्यौ तर काम केहि अगाडि बढाएन तत्काल थोरै यो नाम आछ प्रदेश र राजधानी बनाउने भनेर पैसा चाहि यो बजेट उहालाई पुग्ने अनुसार कम्तीमा बजेट थुप्रै आवश्यकता अनुसार चाहि विनियोजन गर्नुपर्छ मलाई लाग्छ त्यसैले प्रदेश सरकार सुदूरपश्चिम प्रदेशले यो विभिन्न मैले यता हेरे छात्रवृत्ति अत्यन्तै राम्रो कुरा हो यो नराम्रो होईन हाम्रो दशरथ चन्द देखि लिएर हाम्रा विपन्न परिवारका जेहेनदार छात्राहरु र विपन्न परिवार, विद्यालय तथा टिकाराम पार्कि जस्ता छात्रवृत्ति र दशरथ चन्द तथा छात्रवृत्ति कार्यक्रम हाम्रा विपन्न परिवार र विभिन्न सिमान्कृत वर्ग जो कार्यक्रम ल्याएको छ त्यो अत्यन्तै स्राहनिय छ यो आउनुपनि पर्छ दोस्रो कुरा सुदूरपश्चिममा कैलाली, कंचनपुरमा आदणीय सभामुख महोदय, थारुहरु पनि यहा विभिन्न आन्दोलनका बहादुर सहिद छन् चक्र डगौरा यहि कैलाली जिल्लाका आदणीय नेता हुनुहुन्थ्यो उहा सहिद हुनुहुन्छ उहाको नाममा पनि थारुहरुको एउटा छात्रवृत्ति कोष ल्याउनदा अत्यन्तै उपयोगी हुन्छ कि जस्तो लाग्छ त्योलाई पनि थारुलाई कता कता भुलभुलाएर हरेक ठाउ चाहि राज्यको अंगबाट जहिले पनि बहिस्कृत गरेको देखिन्छ

आदणीय सभामुख महोदय, यो कुरामा प्रदेश सरकारको ध्यानाकर्षण हुनुपर्छ अर्को कुरा विगत पूर्व बजेटहरुमा र अहिलेको नीति तथा कार्यक्रममा त्यसलाई पनि हामी समिक्षाको विषय गर्नुपर्छ । करोडका बजेट हामी सँग अहिले सम्म सुचारु कार्यान्वयन भएको देखिदैन यहि झल्का एरिया, पर्यटकिय एरिया आदणीय पर्यटक मन्त्री यहा हुनुहुन्छ करोडौ पैसा छुट्याएको छ यति धेरै पर्यटक आउनुहुन्छ तर यो पर्यटक भित्राउनका लागि मठ मन्दिर बनाएर यो पर्यटकिय एरिया सुदुरपश्चिम बन्दैन पर्यटकिय एरिया बाहिर देशका जनतालाई कसरी आकर्षित गर्ने पर्यटकलाई त्यस्ता पर्यटकिय एरिया बनाउनुपर्छ यो गोदावरी नगरपालिका ९ मा पर्छ झल्का एरिया करोडौ पैसा छुट्याएको छ तर त्यसलाई कार्यान्वयन गरेको देखिदैन त्यस्तै मैले यो घोडाघोडी धेरै गएन घोडाघोडी, जोखड ताललाई अस्थिनै भनेथिए आदणीय सभामुख महोदय मैले तपाईलाई अझै पनि भने थोरै मलाई चार पाच मिनेट यो जोखड ताल र घोडाघोडी र टिकापुरलाई पनि यदि सुदूरपश्चिमका पर्यटकिय एरिया बनाउने हो भने त्यसलाई पनि आकर्षित रुपमा नीति तथा कार्यक्रममा आउनुपर्छ हामी के का लागि सुदूरपश्चिमका ५३ जना माननीय छौ । हामी बाहिर देशका पर्यटकियलाई भित्राउन नसकेको कारण घोडाघोडीको देख्नुहुन्छ पुरा त्यसमा जाल घास भएर आफै उम्रेको छ पर्यटकिय दैनिक भित्रि रहेको अवस्था छ । त्यो कसको कमी कमजोरी सुदूरपश्चिम प्रदेश सरकारको होईन र त्यति पनि हामी सुदूरपश्चिम प्रदेशका आदणीय माननीय मन्त्री हुनुहुन्छ अर्को मैले पूर्व बजेटको बारेमा कुरा गरे थारु संग्रालय सुदूरपश्चिममा धेरै मठमन्दिरहरु, विद्यालय तथा शौचालय बने तर यही कानून मन्त्री हुनुहुन्छ उहा विद्यालय र मन्त्री बन्ने बेला त्यतिबेला चाहिएन नम्बरी जग्गा चाहिदैन अहिले थारु संग्रालय बनाउने बेला प्रदेशस्तरीय त्यलाई चाहि नम्बरी जग्गा चाहिने भो त्यसैले अब चार विगाहा जग्गा दिदादिदा पनि हाम्रो संग्रालय थारुको जहिले पनि साथमा छ थारुहरु मैले टाईम दिदा पनि उहाले दिनु भएन किन कि पाच महिना उहाले दौडधुप गर्दा पनि थारु समुदायलाई अगाडि बढेको छैन अत्यन्त दुखको कुरा हास्ने कुरा होईन विद्यालयहरु बने तर थारु संग्राहालय किन बनेन मेरो प्रश्न हो यति भन्दै विदा हुन्छु धन्यवाद ।

**माननीय मना साउँद :-** माननीय सभामुखज्यू कुनै पनि गन्तव्यमा पुग्दा आफु लक्ष्य, उद्देश्य र एउटा विचार विमर्स गर्नुपर्ने हुन्छ र आज आफ्नो एउटा लक्ष्य, उद्देश्य र एउटा विचार बोकेर प्रदेश सरकारले एउटा नीति तथा कार्यक्रम ल्याएको छ । अंश अंश गरेर समग्रतामा प्रदेश सरकारले सुदुरपश्चिमेली जनताहरुका आधारभूत आवश्यकताहरुलाई परिपूर्ति गर्नको निमित्त एउटा महत्वपूर्ण विचार र एउटा नीति तथा कार्यक्रम ल्याएको छ । म सर्वप्रथम यसलाई स्वागत गर्दै यसको समर्थन गर्न चाहान्छु । र हामी यसको छलफल बहसमा छौ र साच्चिकै मैले दुई तीन पटक पल्टाएर राम्रो सँग अध्ययन गर्दा साहेद हामीलाई लाग्छ जति पनि मानवीय जीवनमा जतिपनि आवश्यकताहरु छन् यि आवश्यकताहरु साहेद यो नीति तथा कार्यक्रमले समावेश गरेको छ यसले सम्बोधन गरेको छ र साच्चिकै एउटा परिवतीत कृषि प्रणाली एउटा मौसम सुहाउदो खेति, माटो सुहाउदो उत्पादन र उत्पादन अनुसारको बजार व्यवस्थापनको कुरा देखि लिएर जस्तो यसलाई निरन्तरता दिन महत्वपूर्ण नीति तथा कार्यक्रम ल्याएको छ त्यसैले पनि यसको कार्यक्रम एकदमै वैज्ञानिक छ र यो एक घर एक तालिम प्राप्त पशुपंक्षी सम्बन्धी तालिमहरु संचालन गर्ने कार्यक्रम ल्याएको छ यो अत्यन्तै स्राहनिय छ त्यसैले पनि म यसलाई स्वागत गर्न चाहान्छु । विशेष गरि भूमि वर्गिकरण, कृषि क्षेत्र, औद्योगिक क्षेत्रहरुलाई प्राथमिकता दिएको छ र एक नीति तथा कार्यक्रमले दिएको यो प्राथमिकतालाई तपाईहामीले सबै भन्दा नीति आएको छ यस नीतिलाई कार्यान्वयन गरायौ भने र यहिलाई ठोस रुपमा हामीले कार्यान्वयनमा लियौ भने साच्चिकै हाम्रा आवश्यकताहरु र सुदूरपश्चिमेली जनताका आवश्यकताहरु पुरा हुनेछन् भन्ने मलाई विश्वाश लागेको छ । र थुप्रै सुदूरपश्चिममा थुप्रै हरेक

जडिबुटि, हरेक जल, जमिन र थुप्रै जडिवुटिका सम्भावना बोकेको उत्पादनमुखि सुदूरपश्चिम उर्भराशक्तिको एउटा सम्भावना बोकेको सुदूरपश्चिमलाई साच्चिकै हामीले यो नीति तथा कार्यक्रमले एउटा लक्ष्य, उद्देश्य बोकेको छ भन्ने मलाई लागिरहेको छ र अर्को कुरा यो धुवा रहित घरनिर्माण गर्ने कुरा जो कार्यक्रम ल्याएको छ यो कार्यक्रम विशेष गरि पहाडि क्षेत्रका महिला र यो सुदूरपश्चिमका ९ वटै जिल्लाका महिलाहरुलाई राहात पुग्ने छ । यो कार्यक्रम असाध्ययी राम्रो लागिरहेको छ किन कि हामी पटक पटक हामी यो कुराहरु उठाई रहेका छौ र साच्चिकै महिलाहरु पिठ्यौमा बोकेर अनि स्तनपान गराउदै धुवा धुलोमा बसेर आफु रोगी सँगै बालबच्चाहरुलाई पनि रोगी बनाउने स्थिति थियो अब यो धुवा रहितको हामीले घर निर्माण गर्ने जुन कुरा छ यो असाध्यै राम्रो कुरा छ । त्यसैले यसमा र अर्को कुरा यो सुदूरपश्चिममा हामीले स्वास्थ्य क्षेत्रमा पनि थुप्रै किसिमको नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राख्ने शिक्षा, स्वास्थ्य, रोजगारीलाई प्राथमिकतामा राख्ने कुराहरु छ साच्चिकै एउटा हामीहरुलाई चुनौतिको विषय छ । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार सबै हामीहरुलाई चुनौतिको विषय छ । र साच्चिकै हामी हाम्रा विदेशिएका युवाहरुलाई कसरी हामी स्वदेशमा स्थापित गर्न सक्छौ । कसरी उहाहरुलाई हामीले रोजगारी दिलाउन सक्छौ एउटा हामीलाई चुनौतिको विषय छ । र हामीले कसरी युवाहरुलाई रोजगार बनाउने र उहाहरुलाई कसरी सीपमुलक आत्म निर्भर बन्ने हामी हरेक कुरामा हामी सुदूरपश्चिम र हाम्रो नेपाल कहिले हर कुरामा सुदूर आत्म निर्भर बन्ने तरकारी परनिर्भर, खाद्यान्न परनिर्भर हर कुरामा परनिर्भर छौ अब आत्मनिर्भर बन्न पहिलो अत्यन्त सम्भावना बोकेको सुदूरपश्चिम यहाबाट शुरु हुनुपर्छ र हामीबाट शुरु हुनुपर्छ । युवाहरुलाई स्वदेशमै रोजगारी दिलाउनको निमित्त नीति तथा कार्यक्रममा एउटा भनेर मात्र भएन, लेखेर मात्र भएन यसलाई विधिगत रुपमा कार्यान्वयनमा लैजानको निमित्त म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु र जुन अछाम जिल्ला अझ सुदूरपश्चिममा सम्पूर्ण सामुदायिक संस्थाबाट संचालित भएका जुन सामुदायिक स्वास्थ्य केन्द्रहरु छन् जस्तै अछाममा अनि उहाहरु बाजुराका जनताहरु डोटी समेतका अनि कालीकोटका र अछामी जनताका हजारौ जनताहरुको जीवनदान बयलपाटा हस्पिटलले दिएको छ । त्यस्तै अन्य जिल्लाहरुमा पनि होलान यी अस्पतालहरुलाई प्राथमिकतामा राख्नुपर्छ र यसलाई कार्यान्वयन गर्नको निमित्त सरकारले एउटा उल्लेखित गरेर लैजानुपर्छ र संरक्षण गरेर लैजानु पर्छ भन्ने कुरा म सुझाव दिन चाहान्छु । र हिजो अस्थि कुरा पनि उठे माननीयज्यूहरुले भन्नु भयो यो दुर्घटना परेका जो पहाडि क्षेत्र तराई जहासुकै पनि दुर्घटनामा परेका व्यक्तिहरु उहाहरुलाई एउटा समयमा राहात दिलाउनको निमित्त हामीले यो लक्ष्य, उद्देश्य र एउटा विचार गर्न सरकारलाई म ध्यानाकर्षण गराउन चाहान्छु र एउटा कुरा म लास्टमा के भन्न चाहान्छु भने यो विपक्ष दलका साथिहरु जहिले यो नीति तथा कार्यक्रममा मलाई लाग्छ यसमा सबै कुरा समावेश भएका छन् यसलाई लेख्नमा समस्या होईन यसलाई कार्यान्वयन गर्न र बनाउनको लागि सबै भन्दा चुनौतिको विषय यो हो बरु हामीले कहा के लेखिए भन्नु भन्दा पनि यसलाई कति कार्यान्वयन गर्ने, कति गर्नुहुन्छ भनेर यहा कोइशन गरौ र यहा कस्तो बनायो, अर्को कस्तो बनायो भन्ने कुरा होईन यो यदि उचित छैन भने म जान्न चाहान्छु साच्चिकै म जान्न चाहान्छु के हो त नया विचार आवस म व्यक्तिगत ढंगले पनि म जान्न चाहान्छु । यहाभन्दा राम्रो नीति तथा कार्यक्रम के हो त ल्याउनुहोस र हामी सुन्न चाहान्छु र हामी जान्न चाहान्छु, हामी बुझ्न चाहान्छु व्यक्तिगत ढंगले पनि बुझ्न चाहान्छु । त्यसैले यो सधै एउटा विरोधको नाममा विरोध मात्र गरेर हुदैन नीति तथा कार्यक्रम एकदमै उचित छ, ठिक छ यसलाई कार्यान्वयन गरेर लैजानुपर्छ भन्ने कडा म सरकारलाई एउटा सुझाव दिन चाहान्छु भन्ने कुराहरु राख्दै विदा हुन्छु धन्यवाद नमस्कार ।

**माननीय प्रेम प्रकाश भट्ट :-** माननीय सभामुख महोदय, हामीले यो आर्थिक बर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम सरकारले ल्याएको यसमा छलफल गर्दै छौ र एउटा सरकारले यो नीति कार्यक्रम ल्याई रहदा अघिल्लो सालको भन्दा अहिले थुप्रै योजनाहरु, थुप्रै कार्यक्रमहरु नया ल्याएका छन् र त्यो जुन हाम्रो यो दुईवटा साल सिकाईको थियो र यो सालमा हेर्दा खेरि सरकार एउटा परिपक्क ढंगबाट अगाडि बढेको महसुस भएको छ त्यसैले यो सरकारको नीति तथा कार्यक्रमको पूर्ण रुपमा समर्थन गर्दै, यसको स्वागत गर्दै यसलाई कार्यान्वयनमा अगाडि बढाउनु हुनेछ भन्ने म शुभकामना पनि दिन चाहान्छु र खास गरेर जुन यो कार्यक्रम आएको छ यो सुदूरपश्चिमको एउटा यो प्रदेशको एउटा चित्र आएको छ । हामीले जे गरेका छौ ३४ बुदामा यसले एउटा आफ्नो समिक्षा पनि गरेको छ र खास गरेर अहिले यो सुदूरपश्चिमले तोकेको राजधानीलाई महत्वपूर्ण रुपमा यसले उठाएको छ र यो देख्दा खेरि अब यसले अबको बर्ष यसले शुरुवाद गर्छ भन्ने यसले यो आफ्नो राजधानी निर्माण गर्नका लागि अगाडि बढ्छ भन्ने यसले त्यो पनि देखाएको छ त्यसका साथ साथै थुप्रै नया कार्यक्रमहरु ल्याएको छ । प्रदेशको परियोजना बैंक बनाउने जसले निर्माण गर्ने र सो बैंकबाट ५ बर्ष सम्मका लागि मात्र होईन पछाडिका लागि पनि ती योजनाहरुबाट कसलाई हामीले अगाडि सक्ने, कस्लाई पछाडि सक्ने भनेर त्यसलाई त्यो बैंकमा सांसदहरुको पनि सहभागिता हुने भन्ने खालले हामीले सुशासन विधेयकमा पनि त्यस किसिमबाट लिएका छौ । यसमा पनि सबैको सहभागिता सहितको यो बैंक निर्माण हुनेछ । त्यसै गरेर खेलाडिहरु जो खेल खेलेर एउटा आफ्नो जीवनयापन गर्न सक्ने त्यसका लागि कल्याणकारी कोषको खडा गर्ने भन्ने कुरा ल्याएको छ । मुख्यमन्त्री प्रदेश स्वयमसेवक परिचालन गर्ने भन्ने योजना ल्याएको छ । त्यस्तै गरेर जनयुद्ध तथा जनआन्दोलनका थुप्रै घाईते अपांग हुनुहुन्छ अहिले पनि उपचार पाएका छैनन तिनका लागि कसरी हुन्छ रोजगारमुलक र त्यसलाई अगाडि बढाउनका लागि उपचारको व्यवस्था कसरी गर्न सकिन्छ भन्ने यि कार्यक्रम ल्याएको छ नमुना कृषि गाउँ, आफै बनाऔ, मुख्यमन्त्री एकिकृत बस्ती विकास कार्यक्रम अर्थात एक स्थानीय तहमा औद्योगिक उत्पादन एक जिल्लामा एक वटा नमुना शहर यि कार्यक्रम केहि नया कार्यक्रमहरु आएका छन् र यि कार्यक्रमहरुलाई अगाडि बढाउनका निमित्त सरकारले त्यहि किसिमको खाका बनाउनुपर्छ यो एउटा खाका हो यो खाका अथवा एउटा डिजाईन कोरेको छ एउटा यो डिजाईनमा मुर्तरुप दिनका लागि यसमा डिजाईन भर्नको लागि अबको बजेटले कस्तो खालको खाका बनाउने त्यसले परिपूर्ति गर्ने छ । हामीले त्यो बजेट बनाउदा खेरि यदि यो बनाएको खाका अनुसार हामीले लेआउट गर्न सकेनौ त्यो अनुसार अगाडि बढ्न सकेनौ भने त्यो भद्धा देखिन्छ । त्यसैले गर्दा यो बजेट निर्माणमा यहि अनुसारको बजेटलाई हामीले प्राथमिकताका आधारमा हामीले छुट्याएर जानुपर्छ र यसलाई कार्यान्वयनका लागि सरकारको गौरवका योजनाहरु सरकारले ल्याएका गौरवका योजनाहरु पोरसाल पनि हामीले ल्याएका छौ ती गौरवका योजनाहरुलाई हामीले कार्यान्वयन गर्ने कुरामा कर्मचारीहरुले गौरवका योजना मानि राखेका छन् कि छैनन त्यसलाई त्यस किसिमबाट उनिरुले अगाडि बढाई राखेका छन् कि छैनन यो बारेमा सरकारले चेक गर्न अनिवार्य छ । हामीहरुले सानातिना योजनाहरुमा रोमलिएर गौरवका योजनाहरुलाई छोडिराखेका छन् कि यतातिर पनि हामीले ध्यान दिनुपर्छ जस्तो लाग्छ । त्यस्तै गरेर यो अहिलेको हाम्रो यो जुन हामीले ल्याएका छौ यो नीति निर्माणको तहमा यो नीति तथा कार्यक्रमले सु.प.को मजदुरको पक्षमा बोलेको छ, किसानको पक्षमा बोलेको छ, दुरदराजको जनताको पक्षमा बोलेको छ र जन्मदा देखि मरुन्जेल सम्म कसरी व्यवस्थापन गर्ने भन्ने पक्षमा बोलेको छ जसका बुदा हामीले हेर्दा खेरि लगभग ११२, १३ वटा बुदा जुन किसिमबाट २११ वटा बुदामा त्यस किसिमबाट ल्याएको छ यसमा थप्दै जादाखेरि हामीले त थुप्रै बुदाहरु होलान हामीले जस्तो मनोरोगीको वारेमा भन्दाखेरि यसलाई कसरी गर्ने, कहा पुगाउने अनि जस्तै बालबालिकाको विषयमा बोल्दा खेरि

त्यस्तालाई कसरी व्यवस्थापन गर्ने यि बुदाहरु थप्दै जादा त थुप्रै होलान तर मुख्यतय यसले ल्याउनुपर्ने जुनकिसिमको यो बुदाहरु त्यस किसिमबाट ल्याएका छन् र त्यसैले यो सरकारको नीति तथा कार्यक्रमका साथ साथै थुप्रै योजनाहरु, आयोजनाहरु छन्, थुप्रै जिल्लाका जुन समस्याहरु छन् ति समस्याहरुलाई मध्यनजर गरेर बजेटमा त्यहि किसिमबाट ल्याउने छ र यो बजेटलाई ल्याउदाखेरि हामीले पहाड र तराईमा कसको कति आवश्यकता छ र पहाडमा सडक खन्दा कति लाग्छ र तराईमा सडक बनाउदा कति लाग्छ त्योलाई ध्यान दिनुहुनेछ र पहाडमा एउटा पानिको नल्का ल्याउदा कति लाग्छ, नल्का बनाउदा कति लाग्छ र तराईको एउटा नल्काबाट, जमिनबाट पानि निकाल्दा कति लाग्छ त्योमा ध्यान दिनुहुनेछ बजेटको एउटा समुचित खालको र समिन्यस एउटा त्यस किसिमबाट गर्ने छ भन्ने कुराहरु म राख्दै समय पनि सिदियो म धन्यवाद दिन्छु हवस धन्यवाद ।

**माननीय गेल्बु सिंह बोहरा :-** माननीय सभामुख महोदय, हामी प्रदेश सरकारबाट आर्थिक बर्ष २०७६।०७७ का लागि नीति तथा कार्यक्रममा छलफलको प्रक्रियामा छौ बास्तवमा हाम्रो सीमित साधन र श्रोतलाई मध्येनजर गर्दै यस सुदूरपश्चिम प्रदेशको भुगोललाई दृष्टिगत गर्दै यस सुदूरपश्चिम प्रदेश सरकारले जुन नीति तथा कार्यक्रम ल्याएको छ यो वास्तवमा स्वागतयोग्य छ । यस नीति तथा कार्यक्रममा प्रत्येक सेक्टरलाई सम्बोधन गर्ने प्रयास भएको छ । बुदागत रुपमा भन्ने हो भनेदेखिन यसमा हामीले जुन एउटा सुदूरपश्चिम प्रदेशको जुन जल, जंगल र जमिन जलाई हामीले विशेष प्राथमिकताका साथ अगाडि बढाउन सक्यौ भने देखि पक्कै पनि हाम्रो यो सुदूरपश्चिम प्रदेशको भविष्य उज्जल छ जस्तो लाग्दछ त्यसैले ती प्रक्रियाहरु पनि अगाडि बढेको छ जस्तो मलाई लाग्दछ । त्यस्तै कृषि क्षेत्रमा मुख्यमन्त्री कार्यक्रमहरु , दलित, आदिवासि जनजाति, विपन्न परिवारलाई शिक्षाको क्षेत्रमा छात्रवृत्तिका कुराहरु, त्यस्तै एउटा जिल्ला एउटा नमुना शहर र त्यस्तै पर्यटन बोर्ड, लगानी बोर्ड लगायतका शिक्षा क्षेत्रका पनि विभिन्न कुराहरु स्वरोजगारका कुराहरु प्रदेशमा भएको प्राकृतिक स्रोतको उपभोग गर्ने कुराहरु र कर्मचारीहरुलाई प्रोत्साहन गर्ने कुराहरु लगायत स्वास्थ्य क्षेत्र, सहकारीलाई मध्येनजर गर्दै यो प्रदेशलाई अगाडि बढाउने कुराहरु यस्ता विभिन्न कुराहरु राखिएको छ त्यसैले सर्वप्रथम त म यस नीति तथा कार्यक्रमको पूर्ण समर्थन गर्दै सफलताको पनि शुभकामना व्यक्त गर्न चाहान्छु । र म आफ्ना मनमा लागेका केहि कुराहरु सुझावका रुपमा पनि दिन चाहान्छु । जस्तै अंचल अस्पतालका कुराहरु आयो पक्कै पनि सेती अंचल अस्पताल र महाकाली अंचल अस्पताललाई पक्कै पनि हामीले चाहिने एउटा प्राथमिकिकरणमा राखेर चाइने यसलाई अगाडि बढाउनुपर्छ यसमा कुनै दुईमत छैन तथापी यो सदरमुकाम पहाडी जिल्लाहरुबाट राजमार्ग जाने जुन डिस्टेन्स टाढा छ त्यसले गर्दा खेरि यो विचको पायक पर्ने कुरा जस्तो डडेल्धुराको उप क्षेत्रिय अस्पताललाई पनि केहि हामीले प्राथमिकरणमा राख्न सकियो भने देखिन एउटा सिरियस विरामीलाई दार्चुला, बझाङ्ग, बाजुराबाट ल्याउने विरामीलाई हामी केहि न केहि विचबाटोमा पनि राहात दिन सक्छौ कि जस्तो लाग्दछ । त्यस्तै किसिमले २०७० सालको बाढीले गर्दाखेरि हाम्रो दार्चुला जिल्ला अस्पताल तहस नहस भैरहेको अवस्था छ त्यसैले यस आर्थिक बर्षमा पक्कै पनि यस दार्चुला जिल्ला अस्पताललाई भौतिक पूर्वाधार निर्माणको क्रममा चाहि एउटा प्राथमिकरणमा राख्नेछ भन्ने मैले आशा लिएको छु । त्यस्तै कम्तीमा पनि जस्तो हामी यहा अहिले पर्यटकिय क्षेत्र अथवा पर्यटन उद्योगको विकास अथवाको कुराहरु गरिरहेको अवस्थामा मलाई के लाग्छ भने देखिन कम्तीमा पनि हामी एउटा जिल्लामा हामीले पर्यटन आवासगृह कम्तीमा पनि दुई तिन वटा पर्यटन आवासगृह बनाउन सक्यौ भने देखिन त्यले पनि भोलीको दिनमा यो पर्यटन क्षेत्रलाई टेवा दिन्छ र सँगसँगै कुनै नीजि क्षेत्रबाट कसैले त्यस किसिमको यो पर्यटकिय क्षेत्रहरुमा जुन पर्यटकिय होटेल भनौ पर्यटकिय आवास गृह निर्माण गर्न चाहान्छ भने देखिन सरकारले पनि त्यस्ता उद्यमीहरुलाई पनि केहि सफसिटिको पनि व्यवस्था गरोस भन्ने म

अनुरोध गर्न चाहान्छु । त्यस्तै हामीहरु अहिले कृषिलाई विशेष प्राथमिकरण बन्ने कुराहरु पनि भैरहेको छ तथापी म जुन हाम्रो संविधानले दिएको अधिकार छ प्रत्येक विगतका दिनमा हामीले आफ्नै जिल्ला आफ्नै टोलमा पाई आइरहेको सुविधा भन्नुको मतलब जुन कार्यालयहरु छन् अहिले कार्यालयहरु नभएर पनि धेरै कार्य हाम्रो विकासका योजनाहरु कार्यान्वयन गर्नमा अप्ठ्यारो परेको जस्तो मलाई लाग्दछ त्यसैले यो आर्थिक बर्षमा कम्तीमा पनि प्रत्येक जिल्लामा हाम्रो प्रदेश सरकारको अफिसको युनिटको रुपमा अफिस संचालन हुनुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । त्यस्तै यो विद्युत सेक्टरमा लगानी गर्यो भने देखुन कमसेकम धेरै पैसा नलाग्ला आज हामी जनतालाई पनि समृद्ध बनाउने कुरा हाम्रो अगाडि बढीरहेको अवस्था छ हामीले ५१ प्रतिशत रकम मात्र प्रदेश सरकारले गरेर ४९ प्रतिशत जुन रकम छ हामीले स्थानीय जनताबाट शेयर खोलेर गरेर पनि हामीले विद्युतलाई उत्पादन गरेर त्यो सेक्टरमा हामीले हात हाल्न सक्यो भने पनि मलाई लाग्छ प्रदेश सरकार र सँग्सँगै स्थानीय जनताको पनि जीवनस्तर उकासिने कुरामा म यहाहरुलाई अनुरोध गर्न चाहान्छु । त्यस्तै मैले एउटा नबुझेको कुरा हुन सक्छ जुन यो दार्चुला टिङ्कर सडक र त्यसमा कैलाश मानसरोवर जाने बाटो म अहिले जहिले पनि के सुन्ने गर्दछु भने देखिन ठिक छ मैले कुनै अर्को ठाउबाट नाका खोलिनु पर्छ अथवा त्यसको विरोध गरेको अवस्था होइन तर जहिले पनि कुरा उठ्दा खेरि उरैलेख छ त्यहाबाट पनि नाका खोलिन सक्छ त्यसमा दुईमत छैन तर मैले यहा अनुरोध गर्न चाहेको के मात्र हो भनेदेखिन विगत ईतिहासलाई हामीले फर्केर हेर्नेहो भने देखिन त्यस पंचायतकालको अवस्थामा पनि दार्चुला टिंकर बाटो भएर कैलाश मानसरोवर जाने गरेका अवस्थामा आज हामी विभिन्न लोकतन्त्र, गणतन्त्र हुदै जुन यो अवस्थामा पुगेका छौ यस्तो अवस्थामा आज पनि त्यो क्षेत्रमा जानको लागि हामीले ईण्डियाको बाटो प्रयोग गर्नुपर्ने अवस्था छ त्यसैले विशेष गरेर जुन हामी नाकाहरुको कुरा गर्दा खेरि त्यो नाकाको पनि विशेष पहल होस र भोलीको दिनमा कैलाश मानसरोवर एउटा पौराणिक हिसाबले पनि आजका मितिमा पनि ईण्डियाबाट पनि हजारौको संख्यामा त्यो बाटो भएर कैलाश मानसरोवर गैराखेको अवस्था छ त्यसैले त्यसै सँगै जोडिएको जुन सिमामा पिलर नं.१ बाट जुन लिपुलेक त्यसबाट पनि हामीले समयमा नै यो बाटोलाई खोल्न सक्यौ भने कम्तीमा पनि हामीले पनि हाम्रो क्षेत्रका बाटो पनि एउटा टुरिस्ट र सँगसँगै एउटा व्यापारि नाका पनि खोल्न सकिन्छ जस्तो मलाई लाग्दछ र अन्तमा धेरै कुरा नगरिकन म एउटा यहानिर के कन्फ्युजमा छु भनेदेखिन हामीहरु कुरा गर्दा खेरि मैले हाम्रा प्रतिपक्षका साथिहरु चाहे हाम्रा पक्षका साथिहरु जहिले पनि हामी कार्यान्वयन प्रक्रियालाई मात्र दोष दिने गरेको जस्तो म देख्दछु त म के अनुरोध गर्न चाहान्छु भने देखिन बास्तवमा नीति कार्यक्रम राम्रै छ जस्तो तर कार्यान्वयन प्रक्रिया मात्र हामीले दोष दिईरहेका छौ त्यसैले म आजैबाट हामी स्वयंबाट यसलाई कार्यान्वयन कसरी गर्ने त्यो कार्यान्वयन गर्ने काम मलाई लाग्छ एउटा मुख्यमन्त्रीको अथवा यो सरकारको मात्र जिम्मेवारी होईन त्यसमा हामी सबैले प्रत्यो नेपाली सुदूरपश्चिमबासिले यस नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै अगाडि बढ्यो भने पक्कै पनि मलाई लाग्छ यि नीति तथा कार्यक्रम आएको कुराले एउटा सार्थकता पाउने छ र जुन हाम्रो अहिलेको संघीय सरकारको जो अवधारणा समृद्ध नेपाल सुखि नेपालीको जुन नारा छ त्यलाई पनि परिपूर्ति अथवा फुलफिल गर्नमा यसले मद्दत गर्ने छ भन्ने कुरा राख्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय माया तामाङ्ग बोहरा :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सभाको चौथो अधिवेशनको १० औँ बैठकमा प्रदेश प्रमुख माननीय मोहनराज मल्लज्यूले प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम २०७६।०७७ को प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्रस्तुत गर्नु भएको छ ।

आर्थिक बर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम अति राम्रो अति मेहनतका साथ बनाउनु भएको छ म प्रदेश प्रमुख लगायत प्रदेश सरकारलाई म हार्दिक धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को नीति तथा कार्यक्रमले सुदूरपश्चिम प्रदेशका सम्पूर्ण वर्ग, लिङ्ग र क्षेत्रलाई समेटेको छ किन भने हाम्रो सुदूरपश्चिम प्रदेशलाई सम्भावेता अध्ययन गरेर नै यो नीति तथा कार्यक्रम ल्याएको छ र नीति तथा कार्यक्रममा चाहि विशेष गरि मैले देखे अनुसार यसमा तराई देखि लिएर हिमाल सम्मका हाम्रा नागरिकहरुको ईच्छा र आकांक्षालाई लक्षित पुऱ्याउने किसिमले ल्याएको जस्तो लागेको छ । माननीय सभामुख महोदय, विशेष गरि चाहि हाम्रो चाहि नीति तथा कार्यक्रममा चाहि मैले २०७४ देखि हेर्दा खेरि चाहि यसमा चाहि विशेष समाजमा भएका गतिविधि, विसंगति कुराहरुलाई चाहि समेटेको छ यसमा चाहि म समर्थन गर्न चाहान्छु । किन भने महिला बालबालिका देखि लिएर जेष्ठ नागरिक सम्म चाहि यसमा सम्बोधन गरेको छ यसको लागि म सरकारलाई धन्यवाद दिन चाहान्छु । किन भने सुदूरपश्चिम प्रदेशमा चाहि हाम्रो व्यापक रुपमा चाहि छाउपडी पर्थाहरु चाहि बोक्सीका पर्थाहरु चाहि यो चाहि फैलिरहेको अवस्थ छ यसलाई चाहि विशेष गरि नीति तथा कार्यक्रममा चाहि मलाई लाग्छ कि कुनै पनि एउटा जिल्लालाई घोषणा गर्नुपर्छ भनेर ल्याएको भए अझै राम्रो हुन्थ्यो कि जस्तो लाग्दछ । माननीय सभामुख महोदय, विशेष गरि म सरकारलाई सुझाव दिन चाहान्छु । महिला हिंसापिडितहरुलाई प्राप्त नभए सम्म चाहि जिल्लामा प्रत्येक जिल्लामा चाहि सेफहाउसको व्यवस्था हुनुपर्ने देखिन्छ । अर्को कुरा सुदूरपश्चिम प्रदेशमा विभिन्न किसिमका अति विपन्न, गरिब, जेष्ठ नागरिक र बालबालिका र फरक क्षमता भएका नागरिकहरुलाई चाहि निशुल्क स्वास्थ्य उपचारको लागि चाहि नीति तथा कार्यक्रममा सम्बोधन गरेको भए अझै राम्रो हुन्थ्यो जस्तो लाग्छ । माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश भित्र रहेका विशेष महत्वपूर्ण रहेका बझाङ्ग जिल्लामा पर्ने साईपाल हिमाल जसमा बझाङ्ग जिल्ला पर्यटकिय गन्तव्य बनाउने दृष्टिकोणले आरोहण गर्ने टिमले आरोहण गर्न गत बर्ष चाहि असफल भएको छ । यस बर्ष चाहि साईपाल हिमाल आरोहण गर्नको लागि चाहि आर्थिक बर्ष २०७६।०७७ को बजेटले पक्कै पनि सम्बोधन गर्ने छ भन्ने म पूर्ण विश्वास लिदै आज यो नीति तथा कार्यक्रमलाई सफलताको कामना गर्दै विदा हुन्छु धन्यवाद ।

*(बोलीसकेपछि)*

**४. माननीय सदस्यहरु,**

प्रदेश सरकारको आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ । बाँकी छलफल मिति २०७६ साल जेष्ठ २४ गते शुक्रबार दिनको १:०० बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।